# नेपालको विश्वव्यापी आवधिक समीक्षाको निष्कर्ष तथा सुझावहरूको कार्यान्वयनको अवस्थासम्बन्धी मध्यावधिक समीक्षा

## प्रतिवेदन

२०७० भाद्र

नेपालको विश्वव्यापी आवधिक समीक्षाको
कार्यान्वयन अवस्था सम्बन्धि मध्यावधिक प्रतिवेदन

www.nhrcnepal.org

# नेपालको विश्वव्यापी आवधिक समीक्षाको निष्कर्ष तथा सुझावहरूको कार्यान्वयनको अवस्थासम्बन्धी मध्यावधिक समीक्षा

## प्रतिवेदन

२०७० भाद्र

**नेपालको विश्वव्यापी आवधिक समीक्षाको**
**कार्यान्वयन अवस्था सम्बन्धि मध्यावधिक प्रतिवेदन**

www.nhrcnepal.org

**प्रतिवेदन लेखन :**
वासुदेव बजगाई, मानव अधिकार अधिकृत
श्यायमबाबु काफ्ले, मानव अधिकार अधिकृत

**प्रकाशक :**
राष्ट्रिय मानव अधिकार अयोग
हरिहरभवन, ललितपुर, नेपाल ।

**डिजाईन**
दिस्क्वायर डिजाईन कम्यूनिकेशन प्रा. लि.
अनामनगर, काठमाडौं, नेपाल
फोन. + ९७७ १ ४१०२६९४
ई-मेल. business@thesquare.com.np
वेवसाईट. www.thesquare.com.np

**प्रकाशन मिति**
२०७० भाद्र

**संस्करण**
प्रथम

**प्रकाशन नम्बर**
रा.मा.अ.आ. १७५

**सर्वाधिकार**
राष्ट्रिय मानव अधिकार अयोग
हरिहरभवन, ललितपुर ।

**प्रकाशन सहयोगी**
राष्ट्रिय मानव अधिकार आयोग क्षमता सवलीकरण परियोजना

# परिचय

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्मा हुने राष्ट्रहरूको मानव अधिकार अवस्थाको विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालको पहिलो आवधिक समीक्षा सन् २०११ जनवरी २५ मा बसेको मानव अधिकार परिषद्को विश्वव्यापी समीक्षा सम्बन्धी कार्यदलको १० औं बैठकमा भएको थियो । उक्त बैठक अघि नै डिसेम्बर २०१० मा नेपाल सरकारले नेपालको मानव अधिकार अवस्था सम्बन्धी राष्ट्रिय प्रतिवेदन बुझाएको थियो । मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरूको तर्फबाट राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगले संयुक्त प्रतिवेदन पेश गरेका थिए । यसको अलावा विभिन्न मानव अधिकार संस्थाहरूले समेत प्रतिवेदनहरू पेश गरेका थिए ।

उक्त बैठकमा नेपालको मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदनमाथि छलफल गरी ५५ वटा राष्ट्रहरूले विभिन्न १३५ वटा सुझावहरू दिएका थिए । यीमध्ये नेपाल सरकारले ५६ वटा सुझावहरूलाई समर्थन गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरेको थियो । यसैगरी २८ वटा सिफारिसहरू कार्यान्वयन भइसकेको तथा कार्यान्वयनको प्रक्रियामा रहेको प्रतिक्रिया दिएको थियो भने १५ वटा सिफारिसलाई अस्वीकार गरेको थियो । नेपाल सरकारले ३६ वटा सिफारिसमा सन् २०११ मा बस्ने मानव अधिकार परिषद्को १७ औँ बैठकमा प्रतिक्रिया उपलब्ध गराउने भनिएकोमा ती सिफारिसहरूमा ६ जुन, २०११ मा बसेको बैठकमा आफ्नो धारणा दिएको थियो ।

मानव अधिकारका विविध विषयहरूमा प्राप्त सुझाव तथा सिफारिसहरूको कार्यान्वयन गर्नु नेपालको राज्यगत दायित्व हो । यसको कार्यान्वयनको सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय जगतलाई विश्वस्त गराउनु आवश्यक हुन्छ । यसका लागि सरकारले एक कार्ययोजना समेत बनाएको पाइएको छ । नेपालको दोस्रो आवधिक समीक्षा सन् २०१५ मा बस्ने राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को २३ औँ सभामा हुनेछ । यसक्रममा नेपालले जाहेर गरेको प्रतिवद्धता कार्यान्वयनको विषयमा व्यापक छलफल हुनेछ ।

यस प्रतिवेदनमा नेपाल सरकारले स्वीकार गरेका, कार्यान्वयन भएका वा कार्यान्वयन प्रक्रियामा रहेको भनी उल्लेख गरेका र मानव अधिकार परिषद्को जुन २०११ मा बसेको सत्रौं बैठकबाट सहमत जनाइएका निष्कर्ष तथा सिफारिसको कार्यान्वयन अवस्थाको सम्बन्धमा हालसम्म गरेका कामकारवाहीको समीक्षा गरिएको छ ।

# प्रतिवेदनको उद्देश्य

विश्वव्यापी आवधिक समीक्षा अन्तर्गत नेपालको मानव अधिकार अवस्थामा सुधार ल्याउनका लागि गरिएका सिफारिसको कार्यन्वयनको अवस्थाको बारेमा अध्ययन गरी हालसम्म भएका उपलब्धिहरू एवम् कार्यान्वयनका कमजोर पक्षहरूको समीक्षा गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि पहल गर्ने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको छ ।

# प्रतिवेदन तयारी विधि

प्रतिवेदन तयारीको क्रममा नेपालको आवधिक समीक्षाको क्रममा विभिन्न राष्ट्रहरूले दिएका सुझाव तथा सिफारिसहरू र त्यसमा नेपाल सरकारले जनाएको प्रतिक्रिया एवम् प्रतिवद्धताको अध्ययन गर्ने, यस सम्बन्धी नेपाल सरकारबाट तयार गरिएको कार्ययोजना, प्रतिवेदन एवम् अन्य सम्बन्धीत प्रतिवेदनको अध्ययन गर्ने कार्य गरिएको थियो । आयोगबाट भइरहेको अनुगमन एवम् अनुसन्धानबाट प्राप्त तथ्यहरूलाई मुख्य आधारको रूपमा लिई विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरिएको छ । यसक्रममा सरोकारवाला निकायहरूसँग समेत छलफल र परामर्श गरी तथ्यहरू सङ्कलन गर्ने प्राप्त तथ्यहरूको परीक्षण गर्ने कार्य गरिएको थियो । नेपाल सरकारको कार्ययोजनामा उल्लेखित सुझाव एवम् सिफारिसहरूको कार्यान्वयन गर्ने मन्त्रालय तथा निकायहरू, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान एवम् केन्द्रीय बाल कल्याण समितिसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरी सुझावहरू लिइएको थियो भने उक्त निकायहरूमा पत्राचार गरी लिखित रूपमा समेत सुझावहरू लिइएको थियो । यसका साथै मानव अधिकारको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्थाहरूसँग समेत अन्तर्क्रिया र लिखित रूपमा सुझावहरू लिई आएका सुझावहरूलाई प्रतिवेदनमा समावेश गरिएको छ ।

# निष्कर्ष तथा सुझावहरूको कार्यान्वयन अवस्था

विश्वव्यापी आवधिक समीक्षाको क्रममा विभिन्न राष्ट्रहरूले दिएका सुझाव तथा सिफारिसहरूको सम्बन्धमा पारित भएका अधिकांश सुझाव तथा सिफारिसहरूलाई नेपाल सरकारले स्वीकार गरी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरेको थियो भने केही सुझाव तथा सिफारिसहरू कार्यान्वयनको क्रममा रहेको जानकारी गराएको थियो । केही सुझाव तथा सिफारिसहरूलाई नेपालले अस्वीकार गरेको थियो । उक्त तीनवटा समूहमा पर्ने सुझाव तथा सिफारिसहरूको कार्यान्वनयको अवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

# स्वीकार गरिएका, कार्यान्वयन प्रक्रियामा रहेका तथा मानव अधिकार परिषद्को जुन २०११ मा बसेको सत्रौं बैठकबाट सहमत जनाइएका निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयन अवस्था

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| मानव अधिकारमैत्री संविधान निर्माण | गणतान्त्रिक कोरिया, इजिप्ट, पोल्याण्ड, चीन, होली सी,इटाली, फ्रान्स, अजरवैजान, स्लोभाकिया (स्वीकार गरिएको) | ■ नयाँ संविधान निर्माण कार्यलाई २०६८ साल जेष्ठभित्रै पूरा गर्ने,<br><br>■ नयाँ संविधानमा लोकतान्त्रिक, समावेशी र अग्रगामी राज्य पुनःसंरचना गर्ने,<br><br>■ नयाँ संविधानले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार धार्मिक स्वतन्त्रता र आस्थाको अधिकार र समानता तथा अविभेदको अधिकारलाई पूर्णरूपमा प्रत्याभूत गर्ने कुरा सुनिश्चित गर्ने,<br><br>■ नयाँ संविधान मानव अधिकारको अन्तर्राष्ट्रिय दस्तावेज अनुरूप हुनुपर्ने, राष्ट्रिय कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बनाउने प्रक्रियालाई निरन्तरता दिने र महिला अधिकारको संरक्षणको प्रभावकारी व्यवस्था हुनुपर्ने<br><br>■ सामाजिक आर्थिक तथा राजनीतिक परिवर्तनको प्रक्रियालाई निरन्तरता दिने त्यसलाई नयाँ संविधानमा समेत समावेश गर्ने । | ■ संविधानसभाले नयाँ संविधान निर्माणको क्रममा यस सिफारिसमा उल्लेख भएका विषयहरूमा व्यापक छलफलहरू गरेको भए पनि नयाँ संविधान जारी गर्न नसकी २०६९ साल जेष्ठ१४ गते संविधानसभाको म्याद समाप्त भई विघटन भएकोले उक्त सिफारिस तत्काल कार्यन्वयन हुन सक्ने अवस्था देखिँदैन ।<br><br>■ पुनः संविधानसभाको निर्वाचन गरी नयाँ संविधान बनाउने विषयमा राजनीतिक प्रमुख दलहरूबीच समझदारी भई २०६९ चैत्र १ गते सर्वोच्च अदालतका प्रधानन्यायधीशको नेतृत्वमा अन्तरिम चुनावी मन्त्रिपरिषद् गठन भएको छ । न्यायलयका प्रमुख कार्यपालिकाको पनि प्रमुख भएको कुरा शक्ति पृथकीकरण एवम् स्वतन्त्र न्यायालयको अवधारणा विपरीत भएको भनी व्यापक रूपमा आलोचना भइरहेको छ ।<br><br>■ चुनावी मन्त्रिपरिषद्ले २०७० साल मंसिर ४ गते संविधानसभाको निर्वाचन गराउने भन्ने दलहरूको सहमति भए पनि दलहरूका बीचमा कायमै रहेको असमझदारी र आपसी अविश्वासको कारण तोकिएको समयमा नै संविधानसभाको निर्वाचन हुने तथा नयाँ संविधान बन्ने कुरामा पूर्ण रूपमा विश्वास गर्न सकिने अवस्था छैन । यद्यपि, केही असन्तुष्ट दलहरूको मागलाई सम्बोधन गरी निर्वाचन प्रक्रियामा सामेल गराउने कार्य तथा दलहरूबाट उम्मेद्वार छान्ने कार्यसमेत प्रारम्भ भएको देखिँदा निर्वाचन हुने कुरामा केही आशा गर्ने ठाउँ सृजना गरेको छ । भयरहित वातावरणमा निर्वाचन गराउन असन्तुष्ट दलहरूलाई सहमत गराउन आवश्यक देखिन्छ ।<br><br>■ विगतको संविधानसभाबाट संविधान निर्माण गर्ने क्रममा दलहरूबीच राज्यको पुनःसंरचना एवम् सङ्घीयता र जातीय पहिचानको विषयमा मुख्य रूपमा सहमति हुन नसक्दा नयाँ संविधान निर्माण हुन सकेन, दलहरूबीचको उक्त विवाद हालसम्म पनि कायमै रहेको छ । | ■ नयां संविधान निर्माणको क्रममा आयोगका माननीय सदस्य रामनगिना सिंहको संयोजकत्वमा एक समिति बनाई मानव अधिकारमैत्री संविधान निर्माणको लागि समेटिनु पर्ने मानव अधिकार सम्बन्धी विषयवस्तुको बारेमा नेपाल सरकारलाई सिफारिस गरेको ।<br><br>■ नयाँ संविधान मानव अधिकारमैत्री हनुपर्ने सम्बन्धमा विभिन्न अवधारणपत्रहरू समेतको अध्ययन गरी पाँचवटै विकास क्षेत्रमा नागरिक समाजसँग छलफल कार्यक्रमहरू गरिएको तथा नेपाल सरकारका प्रतिनिधि, राजनैतिक दलहरू, सभासदहरू तथा प्रधानमन्त्रीसँग छलफल गरी मानव अधिकारमैत्री संविधान बनाउन आग्रह गरिएको ।<br><br>■ नयाँ संविधानले समावेशिता, महिला, अल्पसंख्यक तथा पछाडि पारिएका र उत्पीडित वर्गको अधिकार सुनिश्चित गर्नुपर्ने कुरामा वकालत गरिएको । |

क्रमश: ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ विगतको संविधानसभा जातीय एवम् लैङ्गिक दृष्टिकोणले समावेशी थियो र नयाँ संविधानसभामा पनि यसै किसिमको समावेसिता कायम गर्ने कुरामा दलहरूले प्रतिवद्धता जनाएको पाइन्छ ।<br><br>■ विगतको संविधानसभाले मस्यौदा गरेको संविधानमा धार्मिक स्वतन्त्रता र आस्थाको अधिकारलाई समावेश गरिएको थियो । नयाँ संविधानमा धार्मिक स्वतन्त्रता, समानता एवम् अविभेदको अधिकार सुनिश्चित गर्ने कुरामा राजनीतिक दलहरूले प्रतिवद्धता जनाएको पाइन्छ ।<br><br>■ विगतको संविधानसभाले मस्यौदा गरेको संविधानमा धार्मिक स्वतन्त्रता र आस्थाको अधिकारलाई समावेश गरिएको थियो । नयाँ संविधानमा धार्मिक स्वतन्त्रता, समानता एवम् अविभेदको अधिकार सुनिश्चित गर्ने कुरामा राजनीतिक दलहरूले प्रतिवद्धता जनाएको पाइन्छ ।<br><br>■ नयाँ बन्ने संविधान मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम बनाउने कुरामा दलहरूले प्रतिवद्धता जाहेर गरेको पाइन्छ । विघटित संविधानसभाले गरेको संविधानको मस्यौदामा महिला अधिकारको व्यवस्था समावेश थियो र नयाँ बन्ने संविधानमा पनि उक्त व्यवस्था समावेश हुने विश्वास गर्न सकिन्छ । पुरानै संविधानसभाको निर्वाचनका व्यवस्थाहरूलाई कायमै राखी संविधानसभाको निर्वाचनमा जाने दलहरूबीचको सहमतिले संविधानसभामा ३३ प्रतिशत महिला सहभागिताको कुरा तथा जातीय समावेशिताको कुरालाई अङ्गीकार गरेको पाइन्छ ।<br><br>■ राष्ट्रिय कानुनहरूमा क्रमगत रूपमा सुधारहरू गर्दै अन्तर्राष्ट्रिय मापदण्ड बनाउने कार्य हुँदै आएको पाइन्छ । संविधानसभाको म्याद समाप्त भई विघटन भएकोले मानव अधिकार सम्बन्धी कानुनहरूको निर्माण कानुनी सुधारमा खासै प्रगति हुन सकेको छैन । | ■ मानव अधिकारमैत्री संविधान निर्माणको लागि सन्देशमूलक सामग्री बनाई टेलिभिजनहरूबाट प्रसारण गरिएको । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| शान्ति प्रक्रिया र राजनीतक स्थायित्व तथा प्रजातान्त्रिक व्यस्थाको सवलीकरण | होली सी, भियतनाम, सिङ्गापुर, पाकिस्तान, भुटान, यमन (स्वीकार गरिएको) | ■ राष्ट्रको भविष्यको लागि शान्ति प्रक्रियालाई मानव अधिकारमा केन्द्रित गरी सफतालपूर्वक सम्पन्न गर्ने ।<br><br>■ शान्ति प्रक्रिया र पुनःनिर्माणमा मानव स्रोत, साधन तथा आर्थिक स्रोतको कमीलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय सहयोग लिने ।<br><br>■ राष्ट्रिय मेलमिलापका प्रयासहरूलाई निरन्तरता दिने ।<br><br>■ शान्ति निर्माणको लागि गरिएका प्रयासहरूलाई संस्थागत गर्न अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने ।<br><br>■ राजनीतिक अस्थिरताको अन्त्य गर्न प्रयास गर्ने ।<br><br>■ प्रजातान्त्रिक व्यवस्थालाई सवलीकरण गर्ने कार्यलाई निरन्तरता दिने | ■ शान्ति प्रक्रियाका अधिकांश कार्यहरू सम्पन्न भएका । माओवादी लडाकुहरूको नेपाली सेनामा समायोजन गर्ने कार्य र हतियारको व्यवस्थापन गर्ने कार्य सफलतापूर्वक सम्पन्न भएको छ ।<br><br>■ विस्तृत शान्ति सम्झौता,२०६३ मा नै मानव अधिकारका महत्वपूर्ण विषयहरूलाई समावेश गरिएको थियो ।<br><br>■ शान्ति प्रक्रियालाई व्यवस्थित गर्नका लागि नेपाल सरकारले शान्ति तथा पुनःनिर्माण मन्त्रालयको स्थापना गरेको छ ।<br><br>■ सशस्त्र द्वन्द्वको क्रममा ध्वस्त भएका महत्वपूर्ण भौतिक संरचनाहरूको पुनःनिर्माणमा सरकारले ठूलो लगानी गर्दा पनि उक्त कार्यले पूर्णता पाउन सकेको छैन ।<br><br>■ स्थानीय तहसम्म शान्ति स्थापना गर्ने उद्देश्यले स्थानीय शान्ति समितिहरूको निर्माण गरिए पनि त्यस्ता समितिहरूले प्रभावकारी रूपमा कार्य गर्न सकेको पाइएन ।<br><br>■ शान्ति प्रक्रियाको क्रममा जन्मेका विभिन्न एक सय भन्दा बढी हतियारधारी समूहहरूको क्रियाकलापको कारण खासगरी नेपालको तराई र पूर्वी पहाडी जिल्लाहरूमा आपराधिक घटनाहरू बढ्दै गएको हुँदा नेपाल सरकारले विभिन्न समूहहरूसंग वार्ता गरी सम्झौता गरेको छ । पछिल्लो समयमा सशस्त्र समूहका गतिविधिहरूमा कमी आए पनि पूर्ण रूपमा रोकिएको छैन ।<br><br>■ नेपालको शान्ति प्रक्रिया र पुनःसंरचनामा संयुक्त राष्ट्रसङ्घका निकायहरू एवम् अन्तर्राष्ट्रिय समुदायबाट ठूलो सहयोग भएको पाइएको छ । संयुक्त राष्ट्रसङ्घीय मिसन (UNMIN) र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयबाट शान्ति प्रक्रियामा ठूलो सहयोग प्राप्त भएको थियो । | ■ विस्तृत शान्ति सम्झौता, २०६३ ले राष्ट्रिय मानव अधिकार आयोगलाई उक्त सम्झौतामा उल्लेखित मानव अधिकारकारका विषयहरूमा अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको थियो । अयोगले विस्तृत शान्ति सम्झौतपछि मानव अधिकार अवस्थाको अनुगमन गरी त्यसको आवधिक प्रतिवेदनहरू प्रकाशन गर्ने तथा कार्यान्वयनका लागि सम्बन्धीत पक्षहरूलाई सुझावहरू दिने कार्य गरेको छ । |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ शान्ति प्रक्रियाको क्रममा द्वन्द्वरत पक्षहरूबीचमा व्यापक रूपमा छलफलहरू भई विभिन्न सहमति भएको पाइन्छ तर सत्य निरूपण तथा मेलमिलाप आयोग हालसम्म पनि गठन नभएको हुँदा समाजमा मेलमिलापको वातावरण सृजना गर्न अझै धेरै काम गर्न बाँकी नै देखिन्छ ।<br><br>■ सरकारले मेलमिलापको विषयलाई प्राथमिकता नदिएको पाइएको छ ।<br><br>■ शान्ति प्रक्रियापछि पनि देशमा राजनीतिक अस्थिरता बढ्दै गएको छ । दलहरूबीच आपसी विश्वास कायम हुन नसक्दा सरकारको गठनसमेत सर्वोच्च अदालतका प्रधानन्यायाधीशको नेतृत्वमा पूर्व कर्मचारीहरूबाट भएको छ । देशमा बढ्दो राजनीतिक अस्थिरताका कारण मानव अधिकार अवस्थामा समेत नकारात्मक प्रभाव परेको पाइन्छ ।<br><br>■ देशको संविधानले प्रजातान्त्रिक व्यवस्थालाई पूर्ण रूपमा अङ्गीकार गरेको छ तर राजनीतिक दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, आर्थिक अनियमितता, अपारदर्शिता जस्ता कुराहरूले प्रजातान्तिक विकासमा ठूलो अवरोध सृजना गरी आमजनतामा राजनीतिप्रति वितृष्णा पैदा हुँदै गएको पाइन्छ । | |
| सङ्क्रमणकालीन न्याय | संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया, नर्वे, स्वीट्जरल्याण्ड, स्वीडेन, गणतन्त्र कोरिया, चेक रिपब्लिक, नेदरल्याण्ड, अर्जेन्टिना, न्यूजिल्याण्ड (स्वीकार गरिएको) | ■ विस्तृत शान्ति सम्झौता, २०६३ बमोजिम बिनाढिलाइ सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको गठन गरी द्वन्द्वकालमा भएका मानव अधिकारसम्बन्धी दुर्व्यवहारका लागि जवाफदेहिताको स्थापना गर्ने । | ■ विस्तृत शान्ति सम्झौता भएको ६ वर्ष वितिसक्दा पनि सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको स्थापना हुन नसक्दा पीडितहरूलाई थप पीडाबोध गराएको छ । यस सम्बन्धी विभिन्न चरणमा विधेयकहरू मस्यौदा भए पनि राजनीतिक दलहरूबीचको असमझदारीले लागू हुन नसकेको । राजनीतिक दलहरूले गम्भीर मानव अधिकार हनन्मा संलग्न पीडकहरूलाई कारवाही नगरी उन्मुक्ति दिने किसिमले कानुन निर्माण गर्न लागेको कुरामा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट समेत व्यापक आलोचना भएको पाइन्छ । | ■ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगसम्बन्धी कानुन तर्जुमा गरी बिनाढिलाइ अन्तर्राष्ट्रिय अभ्यास अनुरूप स्वतन्त्र, सक्षम, अधिकारसम्पन्न एवम् निष्पक्ष आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरेको र यस सम्बन्धी कानुनका मस्यौदाहरूमा सुझाव दिएको । |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ यी आयोगहरू बिना ढिलाइ स्थापना गर्ने र आयोगहरूलाई राजनीतिक हस्तक्षेपबाट स्वतन्त्र राख्ने ।<br><br>■ गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा संलग्नहरूलाई अभियोजन गर्ने एवम्  मुद्दा फिर्ता नगर्ने कुराको सुनिश्चितता गर्ने ।<br><br>■ पीडितहरूलाई परिपूरण प्रदान गर्न सुनिश्चित गर्ने ।<br><br>■ विशेषगरी बलपूर्वक बेपत्ता पार्ने कार्य तथा गैरन्यायिक हत्या लगायत सशस्त्र द्वन्द्वको समयमा गरिएका अपराधलाई स्पष्ट पार्न तथा तिनका लागि जिम्मेवारहरूको अभियोजन गर्न प्रयास जारी राख्ने ।<br><br>■ पीडितहरूले सामना गर्नुपरेका अवरोध हटाउन खोज्ने ।<br><br>■ सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगसँग सम्बन्धीत कानुनहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप रहेको कुरा सुनिश्चित गर्ने । | ■ नेपाल सरकारले बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ निर्माण गरी २०६९ चैत्र १ गते नेपाल राजपत्रमा प्रकाशन गरेको पाइएको छ । तर पनि उक्त अध्यादेश पीडकहरूलाई माफी दिने कुरामा केन्द्रित भएको र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएकोले यसमा सुधार गर्नुपर्ने देखिन्छ । यस सम्बन्धी मुद्दामा सर्वोच्च अदालतमा छलफल भई अदालतले अध्यादेश तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।<br><br>■ नेपाल सरकारले सशस्त्र द्वन्द्वमा मारिएका, बेपत्ता पारिएका तथा घाइते भएका र विस्थापित भएका पीडितहरूलाई केही हदसम्म राहत दिएको भए पनि पीडितहरूले परिपूरणको अधिकार उपभोग गर्न पाएका छैनन् ।सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन नभएकोले पीडितहरूलाई परिपूरण दिन नसकिएको नेपाल सरकार शान्ति तथा पुनःनिर्माण मन्त्रालयको भनाइ रहेको छ ।<br><br>■ सशस्त्र द्वन्द्वको क्रममा यौन हिंसामा परेकार यातना पाएका पीडितहरूले राज्यबाट हालसम्म पनि कुनै राहत पाएका छैनन् । | ■ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगसम्बन्धी कानुन तर्जुमा गरी बिनाढिलाइ अन्तर्राष्ट्रिय अभ्यास अनुरूप स्वतन्त्र, सक्षम, अधिकारसम्पन्न एवम् निष्पक्ष आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरेको र यस सम्बन्धी कानुनका मस्यौदाहरूमा सुझाव दिएको ।<br><br>■ सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको निर्माणका लागि वकालत गरेको ।<br><br>■ सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरूबाट घटाइएका मानव अधिकार हनन्का घटनाहरूको अनुसन्धान गरी पीडितलाई न्याय दिन नेपाल सरकारलाई सिफारिस भइरहेको ।<br><br>■ सशस्त्र द्वन्द्वलगायतको अवस्थामा घटित गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटनाहरूका दोषीलाई कारवाही गर्न र मुद्दा फिर्ता लिने कार्य नगर्न नेपाल सरकारलाई सिफारिस गर्नुका साथै राजनीतिक दलहरूलाई आग्रह गरिएको । |

क्रमसः ...

*क्रमशः ...*

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ मानव अधिकार उल्लङ्घनका विश्वसनीय आरोपहरू भएका मुद्दाहरूको अनुसन्धान गर्ने, अदालतका आदेशहरूको कार्यान्वयन गर्ने तथा सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू स्थापना गर्ने ।<br><br>■ सशस्त्र द्वन्द्वका दुवै पक्षका पीडकहरूलाई न्यायको कठघरामा ल्याउने ।<br><br>■ द्वन्द्वरत पक्षहरूबाट भएका गम्भीर मानव अधिकार र मानवीय कानुनउल्लङ्घनका घटनाहरूको अनुसन्धानलाई व्यापक रूपमा अघि बढाउने र दोषीहरूलाई कानुनी दायरामा ल्याउने । | ■ नेपाल सरकारबाट गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटनाहरूमा संलग्न व्यक्तिहरूलाई अभियोजन गर्नुको सट्टा मुद्दा फिर्ता लिने, अदालतका आदेशहरूको कार्यान्वयन नगर्ने एवम् राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार हनन्को घटनामा दोषी ठहर गरी कारवाहीको लागि सिफारिस गरिएका व्यक्तिहरूलाई पदोन्नति गर्ने समेत कार्य भइरहेको पाइन्छ । सरकार एवम् राजनीतिक दलहरूले गम्भीर अपराधमा संलग्न व्यक्तिहरूको मुद्दा फिर्ता नलिने प्रतिवद्धता जनाए पनि व्यवहारमा त्यसको कार्यान्वयन गर्न नसकेको । जनआन्दोलन २०६२/०६३ पछि प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र एकीकृत नेकपा (माओवादी) को नेतृत्वमा बनेका सरकारहरूले फौजदारी मुद्दाहरू फिर्ता लिएको पाइन्छ । यसक्रममा करिब एक हजारवटा मुद्दा फिर्ता लिएको जानकारी अयोगमा प्राप्त भएको छ ।<br><br>■ आयोगबाट भएका सिफारिस बमोजिम मानव अधिकार हनन्का घटनामा संलग्नलाई कारवाही प्रक्रिया अघि बढाइएको र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने गरिएको भन्ने नेपाल सरकारको भनाइ छ । आयोगबाट सिफारिस कार्यान्वयनको अवस्थाको अनुगमन हुँदा समेत अधिकांशमा राहत एवम् क्षतिपूर्तिको रकम दिइए पनि दोषीलाई कारवाही भएको छैन । कतिपय घटनाहरूमा मानव अधिकार हनन्मा संलग्न दोषीलाई कारवाहीका लागि आयोगबाट सिफारिस हुँदा पनि त्यसको कार्यान्वयन नभई पदोन्नति गरिएको समेत पाइएको छ । उदाहरणका लागि राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी दयाराम परियारको हत्यामा संलग्न प्रहरीहरूलाई कारवाहीको सिफारिस गरिएको तथा बर्दिया जिल्लाको बाँसपानी क्षेत्रमा तीन जना दलित महिलाहरूको चोरी सिकारीको नाममा हत्या भएको घटनामा संलग्न नेपाली सेनाका अधिकारीहरूलाई कारवाहीको लागि सिफारिस गरिएकोमा कुनै पनि घटनाका दोषीहरूलाई कारवाही गरिएको छैन । गोर्खा जिल्ला फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताहरूलाई कारवाहीको माग गर्दै मृतकका बाबु र आमा ४७ दिनसम्म आमरण अनशनमा बसेपछि राष्ट्रिय मानव अधिकार अयोगको सिफारिसलाई आधार लिई कारवाहीको प्रक्रिया शुरु भएको पाइएको छ । | ■ सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगसम्बन्धीकानुन तर्जुमा गरी बिनाढिलाइ अन्तर्राष्ट्रिय अभ्यास अनुरूप स्वतन्त्र, सक्षम, अधिकारसम्पन्न एवम् निष्पक्ष आयोग गठन गर्न नेपाल सरकारलाई सिफारिस गरेको र यस सम्बन्धी कानुनका मस्यौदाहरूमा सुझाव दिएको ।<br><br>■ सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको निर्माणका लागि वकालत गरेको ।<br><br>■ सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षहरूबाट घटाइएका मानव अधिकार हनन्का घटनाहरूको अनुसन्धान गरी पीडितलाई न्याय दिन नेपाल सरकारलाई सिफारिस भइरहेको ।<br><br>■ सशस्त्र द्वन्द्वलगायतको अवस्थामा घटित गम्भीर प्रकृतिका मानव अधिकार हनन्का घटनाहरूका दोषीलाई कारवाही गर्न र मुद्दा फिर्ता लिने कार्य नगर्न नेपाल सरकारलाई सिफारिस गर्नुका साथै राजनीतिक दलहरूलाई आग्रह गरिएको । |

*क्रमशः ...*

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ मानव अधिकार हनन्का दोषीलाई न्यायको कठघरामा ल्याउने कार्य निरन्तर रहेको गृह मन्त्रालयको भनाइ रहेको भएपनि आयोगले दोषीलाई कानुनी कारवाही गर्न गरिएको सिफारिसलाई बेवास्ता गर्दै गम्भीर प्रकृतिको मानव अधिकार उल्लङ्घनको मुद्दा फिर्ता लिएको छ । | |
| बलपूर्वक बेपत्ता | फ्रान्स,<br>गणतन्त्र कोरिया<br>(परीक्षण गरिने) | ■ बलपूर्वक बेपत्तालाई अपराध घोषणा, बलपूर्वक बेपत्ता पार्ने कार्यविरुद्धको महासन्धिमा हस्ताक्षर र सर्वोच्च अदालतको २०६४ जेठको फैसला कार्यान्वयन गर्ने ।<br><br>■ बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण गर्न मानव अधिकार उच्चायुक्तको अनुरोधलाई अनुसरण गर्दै गैरन्यायिक हत्याको अनुसन्धान गर्न स्वायत्ततासहितको विशेष छानविन टोली गठन गर्ने । | ■ बेपत्ता भएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६९ मा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा नगरिएको, बलपूर्वक बेपता पार्ने कार्यविरुद्धको महासन्धिको पक्ष राष्ट्र बन्ने सम्बन्धमा नेपाल सरकारबाट हालसम्म कारवाही अगाडि नबढेको अवस्था छ । व्यक्तिलाई बलपूर्वक बेपत्ता पारिएको भनी राष्ट्रिय मानव अधिकार अयोग र अदालतबाट समेत दोषी ठहर गरिएका व्यक्तिहरूलाई हालसम्म पनि कारवाहीको प्रक्रिया अगाडि बढाएको पाइँदैन ।<br><br>■ सर्वोच्च अदालतको २०६४ साल जेठको फैसलामा भएका आदेशहरूमध्ये पीडितका परिवारहरूलाई राहत उपलब्ध गराइएको भएपनि अन्य आदेशहरूको कार्यान्वयन भएको छैन । उक्त फैसलामा उल्लेख भए बमोजिम अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको उच्चस्तरीय बेपत्ता व्यक्ति छानविन आयोग गठन गर्ने तथा बेपत्ता पार्ने कार्यलाई फौजदारी कसुरको रूपमा परिभाषित गर्ने कानुन निर्माण गर्ने, सशस्त्र द्वन्द्वका घटनाहरूलाई सम्बोधन गर्न पश्चादर्शी कानुन बनाउने र उक्त फैसलामा दोषी ठहर गरिएका व्यक्तिहरूलाई कारवाही गर्ने कार्यसमेत गरिएको छैन । | ■ बलपूर्वक बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्न, सर्वोच्च अदालतको आदेश तथा आयोगका सिफारिसहरूको कार्यान्वयनको अवस्थाबारे अनुगमन गरिरहेको छ ।<br><br>■ बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध परिभाषित गरी दोषीलाई कारवाही र पीडितलाई परिपूरणको अधिकार सुनिश्चित हुने कानुनको निर्माण गर्न तथा बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी महासन्धि अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गर्नुका साथै उक्त सिफारिस कार्यान्वयन गर्न पटकपटक ध्यानाकर्षण गराएको भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | | ■ सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा अनुसन्धान गर्न आयोगको पहलमा देशका विभिन्न ९ स्थानहरूमा शवोत्खनन् गरी अनुसन्धान गरी सिफारिसहरू गरिएका छन् ।<br>■ यस सम्बन्धमा शवोत्खनन् सम्बन्धी मार्गनिर्देशिका र एण्टी मोर्टम तथ्याङ्क सङ्कलन फारम निर्माण गरी त्यसलाई लागू गर्न नेपाल सरकारलाई सिफारिस गरेकोमा नेपाल सरकारले उक्त दस्तावेजहरू लागू गर्न सम्बन्धीत निकायहरूलाई निर्देशन दिएको छ । |
| सुक्षा निकायको संस्थागत सुधार, अभियोजन तथा कार्यान्वयन | फ्रान्स, जपान, हँगेरी, टर्की, संयुक्त राज्य अमेरिका, मोरक्को (स्वीकार गरिएको) | ■ सम्बन्धित सबैसंस्थागत निकायहरू विशेषगरी सेना तथा प्रहरी र गैरराज्य पक्षबाट सशस्त्र द्वन्द्व र त्यसपछि भएका मानवअधिकारका गम्भीर उल्लङ्घनमा जिम्मेवार अधिकारीहरूको सम्बन्धमा अदालतले गरेका सबै निर्णयहरूको पूर्णरूपमा कार्यान्वयन हुने कुरा सुनिश्चित गर्ने तथा यस सम्बन्धमा राजनीतिक हस्तक्षेपको अन्त्य गरी दण्डहीनताको अन्त्य गर्ने । | ■ सशस्त्र द्वन्द्व र त्यसपछि भएका गम्भीर मानव अधिकार हनन्का घटनाहरूको सम्बन्धमा अभियोजन गर्ने तथा अनुसन्धान गर्ने कुरामा राजनीतिक हस्तक्षेप निरन्तर रूपमा भइरहेको अवस्था छ ।<br>■ राजनीतिक हस्तक्षेपको कारण अदालतले दोषी ठहर गरेका व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने कार्य हुन नसकेको अवस्था छ । अपराधमा संलग्न भई मानव अधिकारको गम्भीर हनन् गरेको भनी अदालतले दोषी ठहर गरेका व्यक्तिहरू राजनीतिक दलको उच्च तह, सार्वजनिक पद र सुरक्षा निकायको उच्च तहहरूमा समेत रहेर कार्य गरिरहेको तथा उनीहरूको पदोन्नति भइरहेको पाइन्छ । | ■ मानव अधिकार उल्लङ्घनमा जिम्मेवार ठहर गरी अदालतबाट भएका सबै निर्णयहरूको पूर्ण कार्यान्वयनका निमित्त वकालत गर्दै आएको । यस सम्बन्धमा अवधारणापत्र तयार गरी पटकपटक नेपाल सरकारलाई पत्राचारसमेत गरी ध्यानाकर्षण गराइएको । |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ बलपूर्वक बेपत्ता पार्ने कार्य, यातनाका घटना, पूर्जीबिनाको पक्राउ, प्रहरी एवम् राष्ट्रिय सेनाद्वारा भएका गैरन्यायिक हत्या जस्ता दुर्व्यवहार तथा अभद्र व्यवहारका सबै मुद्दाहरूको अनुसन्धान गर्ने तथा गम्भीर उल्लङ्घनहरूका सम्बन्धमा न्याय प्रदान गर्ने कुरालाई सुनिश्चित गर्ने ।<br><br>■ जवाफदेहिता प्रणाली निर्माण गर्ने । | ■ कतिपय अवस्थामा व्यक्तिहरूलाई बिना पक्राऊ पूर्जी पक्राउ गर्ने र गैरकानुनी रूपमा थुनामा राख्ने कार्यहरू समेत भइरहेको आयोग अनुगमनबाट देखिएको छ ।<br><br>■ सशस्त्र द्वन्द्वको अवधिपछि व्यक्तिहरूलाई बलपूर्वक बेपत्ता पार्ने कार्यमा व्यापक मात्रामा कमी आएको पाइन्छ तर केही घटनाहरूमा हिरासतमा थुनामा राखिएका व्यक्तिहरूका आफन्तहरू र कानुन व्यवसायी समेतलाई भेट गर्न नदिने कार्यहरू भइरहेको पाइएको छ ।<br><br>■ सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा उनीहरूको अवस्था सार्वजनिक गर्ने, दोषीलाई कारवाही गर्ने तथा पीडितलाई परिपूरण दिने सम्बन्धमा पर्याप्त कारवाही हुन सकेको छैन । उदाहरणका लागि राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस बमोजिम नेपाली सेनाको भैरवनाथ गणबाट सशस्त्र द्वन्द्वको क्रममा कम्तिमा ४३ जना व्यक्तिहरूलाई बेपत्ता बनाउने कार्यमा संलग्न दोषीहरूलाई कारवाही र पीडितहरूको अवस्था सार्वजनिक गर्नुपर्नेमा नेपाल सरकारले उक्त सिफारिसको कार्यान्वयन गरेको पाइँदैन । यसैगरी काभ्रेपलाञ्चोक जिल्लाका अर्जुनबहादुर लामालाई तत्कालीन नेकपा (माओवादी) बाट बेपत्ता पारिएकोमा निजको अवस्था सार्वजनिक गर्न र दोषीलाई कारवाही गर्न आयोगबाट सिफारिस हुँदा पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । | ■ उजुरी लिने, घटनाको अनुगमन तथा अनुसन्धान गरी पीडकलाई कारवाही तथा पीडितलाई क्षतिपूर्तिको निमित्त नेपाल सरकारलाई सिफारिस गरिएको ।<br><br>■ सुरक्षालगायत मानव अधिकारसँग सम्बन्धीत विभिन्न कानुनहरूको समीक्षा गरी मानव अधिकारमैत्री बनाउन नेपाल सरकारलाई सिफारिस गरिएको । |
| | | ■ सरकार र सैनिकलाई दण्डहीनताका साथ काम गर्न दिने प्रावधान हटाउन कानुनको समीक्षा गर्ने र आवश्यक परेको ठाउँमा त्यसलाई संशोधन गर्ने । | ■ कानुनहरूमा समयसमयमा सुधारहरू भइरहेको भए पनि दण्डहीनताको अन्त्य गर्नका लागि थप सुधारहरू गर्न आवश्यक देखिन्छ । | |

क्रमसः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ सेना र कानुन कार्यान्वयन गर्ने निकायहरूद्वारा भएका मानव अधिकार हनन्का घटनाहरूको अनुसन्धान र अभियोजन गर्न जवाफदेहिताको पद्धति स्थापना गर्ने ।<br>■ शिक्षा तथा मानव अधिकारसम्बन्धी तालिम, मुख्यतः कानुन पालना गराउने अधिकारीका लागि सुनिश्चित गर्न आवश्यक सामग्रीको विकास गर्ने, प्रहरी बलका लागि अनिवार्य मानवअधिकार तालिम प्रदान गर्ने ।<br>■ कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई मानव अधिकार शिक्षा दिन आवश्यक सामग्रीहरूको विकास गर्ने ।<br>■ प्रहरीलाई मानव अधिकारको तालिम अनिवार्य गर्ने । | ■ शिक्षा तथा मानव अधिकार शिक्षा सम्बन्धमा समेत कार्य गर्नेगरी गृह मन्त्रालयमा मानव अधिकार शाखा, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा मानव अधिकार इकाइहरू गठन भई कार्य गरिरहेको अवस्था छ । रक्षा मन्त्रालयमा मानव अधिकार महाशाखा र नेपाली सेनामा मानव अधिकार निर्देशनालय पनि कार्यरत रहेको अवस्था छ ।<br>■ नेपाल प्रहरी, नेपाली सेना तथा सशस्त्र प्रहरी बलले आफ्नो सङ्गठनभित्र मानव अधिकार तथा मानवीय कानूको कार्यान्वयनसम्बन्धी तालीमहरू सञ्चालन गरेको पाइएको छ ।<br>■ नेपाल प्रहरी तथा नेपाली सेनाले मानव अधिकार तालिम प्रदान गर्न पाठ्यक्रम (Training Manual) निर्माण गरेको छ ।<br>■ यसैगरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वलले आधारभूत मानव अधिकारसम्बन्धी हाते पुस्तिका लगायतका सामग्रीहरूको समेत निर्माण गरी वितरण गरेको पाइन्छ । | ■ नेपाली सेना तथा नेपाल प्रहरीले आफ्ना कर्मचारीहरूको लागि सञ्चालन गरेको मानव अधिकार तालिमहरूमा आयोगबाट स्रोत व्यक्तिहरू उपलब्ध गराई तालिम दिँदै आएको छ । यसका साथै उक्त सङ्गठनहरूलाई मानव अधिकारसम्बन्धी प्रकाशनहरू समेत उपलब्ध गराउनुका साथै मानव अधिकारको विषयमा सहकार्य गरी संयुक्त कार्यक्रमहरू समेत आयोजना गरिँदै आएको ।<br>■ नेपाली सेना तथा नेपाल प्रहरीको मानव अधिकार तालीमसम्बन्धी विषयहरूमा सुझावहरू दिइएको |
| | अष्ट्रेलिया, डेनमार्क, संयुक्त अधिराज्य (परीक्षण गरिने) | ■ सुरक्षा फौजको आचरणसम्बन्धी स्वतन्त्र उजुरी संयन्त्र लागू गर्ने र नेपाल प्रहरी सेवा आयोगको स्थापना गर्ने ।<br>■ सुरक्षाफौज विरुद्धका उजुरीहरूको अनुसन्धान र अभियोजन गर्न सक्षम स्वतन्त्र उजुरी आयोग तथा नियुक्ति, सरुवा तथा पदोन्नतिका लागि जिम्मेवार प्रहरी सेवा आयोगको स्थापना गर्दै कानुनी शासनलाई सुदृढ तुल्याउने । | ■ नेपाल सरकारले प्रहरी सेवा आयोग गठन गर्ने सम्बन्धमा पहल गरिरहेको भए पनि हालसम्म सो आयोगको गठन भएको छैन ।<br>■ नेपाल सरकारले सुरक्षाफौजको आचरणसम्बन्धी स्वतन्त्र उजुरी प्रक्रिया लागू गर्ने व्यवस्था प्रक्रियामा रहेको जानकारी गराएको छ ।<br>■ नेपाल प्रहरीभित्र मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि केन्द्रीय कार्यालयमा मानव अधिकार सेल क्रियाशील रहेको पाइन्छ भने नेपाली सेनामा मानव अधिकार निर्देशनालय र सशस्त्र प्रहरी बलमा मानव अधिकार इकाई रहेको छ । | ■ आयोगले मानव अधिकार हनन्का घटनामा दोषी ठहर भएका व्यक्तिहरूलाई पदोन्नति नगर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । उक्त सिफारिसको समेत कार्यान्वयन भएको छैन । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ प्रहरी/सुरक्षाकर्मीबाट भएको दुर्व्यवहार/अभद्र व्यवहारलाई निरुत्साहित गर्दै संलग्नलाई विभागीय कारवाही गरिँदै आएको गृह मन्त्रालयको भनाइ रहेको भएपनि यसमा अझै व्यापक सुधार हुनुपर्ने अवश्यकता छ ।<br><br>■ मानव अधिकार हनन्मा संलग्न सुरक्षाकर्मीहरूको पदोन्नति भइरहेकाले नेपाली सेना र नेपाल प्रहरीभित्र मानव अधिकारको दृष्टिकोणबाट व्यापक सुधार गर्नुपर्ने अवस्था देखिन्छ ।<br><br>■ नेपाल सरकारले प्रहरी कर्मचारीको नियुक्ति, सरुवा तथा पदोन्नतिका आधारहरू स्पष्ट गर्दै मापदण्ड तथा सामान्य सिद्धान्त लागू गरेको जानकारी दिएको छ । | |
| | स्वीट्जरल्याण्ड, संयुक्त अधिराज्य, डेनमार्क,स्लोभेनिया (स्वीकार गरिएको) | ■ दण्डसंहिता तथा दण्डप्रक्रिया संहितामा गरिने सुधारको खाकामा यातना विरुद्धको महासन्धिमा रहेका प्रावधानको पालना गर्ने, यातनालाई अपराधीकरण गर्ने ।<br><br>■ यातना तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध परिभाषित गरी यातना विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुरूपको कानुन बनाउने ।<br><br>■ यातना र दण्डहीनताको अन्त्य गर्न कानुनी तथा प्रशासनिक कदम चाल्ने । | ■ नेपालको अन्तरिम संविधान, २०६३ ले यातना दिने कार्य दण्डनीय हुने भन्ने उल्लेख गरेपनि यातना दिने कार्यलाई हालसम्म पनि अपराधीकरण गर्न नसकेको अवस्था छ । यातनासम्बन्धी विधेयक मस्यौदा भएको लामो समय भइसक्दा पनि लागू हुनसकेको  छैन ।<br><br>■ अपराध संहिता, फौजदारी कार्यविधि संहिता, फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन विधेयक मस्यौदा भई छलफमा रहेको अवस्था छ । उक्त मस्यौदामा यातना दिने कार्य र बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध भनी परिभाषित गरिएको पाइन्छ ।<br><br>■ बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कानुन बनाइएको छैन र यो कार्यलाई अपराध पनि घोषणा गरिएको छैन । सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएकाहरूको छानविन गर्ने समेत उद्देश्य राखेर बनाइएको वेपत्ता व्यक्तिको छानविन तथा सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी अध्यादेशले समेत व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध परिभाषित गरेको छैन । | ■ नेपाल सरकारले मस्यौदा गरेको यातनासम्बन्धी कानुनमा यातनासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि लगायतका अन्तर्राष्ट्रिय कानुनहरूमा उल्लेख भएका विषयहरू समावेश गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ । यस सम्बन्धमा आयोगसँग परामर्श नै नगरी यातनासम्बन्धी विधेयक संसदमा पेश गरेकोमा नेपाल सरकारको ध्यानाकर्षण गराइएको ।<br><br>■ फौजदारी अपराध संहितालाई मानव अधिकारमैत्री बनाउन सुझावहरू दिइएको छ । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | | ■ आयोगले नेपाल सरकारका प्रधानमन्त्री र प्रमुख राजनीतिक दलका अध्यक्षहरूसँग भेट गरी यातना र दण्डहीनता रोकथाम गर्न ध्यानाकृष्ट गरी पत्राचार गरिएको ।<br><br>■ यातना दिने कार्यको विरुद्ध र दण्डहीनता अन्त्यका लागि गोष्ठी, अन्तर्क्रिया, बैठक एवम् छलफल, सचेतना कार्यक्रम र प्रकाशनको माध्यमबाट वकालत गर्दै आएको । |
| | जर्मनी, स्वीडेन, अष्ट्रिया<br>परिक्षण गरिने | ■ यातना सम्बन्धी कार्य रोकथामका लागि प्रभावकारी कदम चाल्ने र यातना, शारीरिक दुर्व्यवहार, स्वेच्छाचारी पक्राउ, अत्याधिक बलको प्रयोग वा अन्य मानव अधिकार उल्लङ्घनसँग सम्बन्धीत उजुरीलाई जतिसक्दो छिटो स्वच्छ रूपमा अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याउने । | ■ याताना दिने कार्यको विरुद्ध यतना क्षतिपूर्ति ऐन २०५३ बमोजिम केही मुद्दाहरू अदालतमा परी पीडितलाई क्षतिपूर्ति र पीडकलाई विभागिय कारवाही गर्ने फैसलाहरू भएका छन् तर यातना रोकथामको लागि प्रभावकारी संयन्त्रको निर्माण गर्ने र यसको रोकथामको लागि कदम चाल्ने विषयमा चित्त बुझ्दा कार्यहरू हुन सकेको पाइदैन । | ■ यातनासम्बन्धी घटनामा परेका उजुरीहरूको सम्बन्धमा अनुसन्धान तथा अनुगमन गरी पीडकलाई कारवाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्दै आएको । |
| गैरन्यायीक हत्या | डेनमार्क, इटाली<br>(परीक्षण गरिने) | ■ गैरन्यायिक हत्याको विश्वसनीय आरोपहरूको अनुसन्धान गर्न स्वतन्त्र उजुरी संयन्त्रको स्थापना गर्ने ।<br><br>■ गैरन्यायिक हत्यासम्बन्धी सबै घटनाहरूको निष्पक्ष रूपले अनुसन्धान गर्ने । | ■ गैरन्यायिक हत्याको सम्बन्धमा छुट्टै उजुरी संयन्त्रको विकास गरिएको छैन ।<br><br>■ गैरन्यायिक हत्यामा घटनाहरूमा स्वतन्त्र र प्रभावकारी अनुसन्धान हुन सकेको छैन । सुरक्षा निकायबाट भएका यस्ता घटनाहरूको अभियोजन तथा छानविनको सट्टा ढाकछोप गर्ने प्रवृत्ति हावी रहेको पाइन्छ । | |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ गैरन्यायिक, गैरकानुनी तथा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधीक्षक र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहद्वारा भ्रमणको लागि गरिएको अनुरोध स्वीकार गर्ने ।<br><br>■ दोषीलाई कानुनी दायरामा ल्याउन स्वच्छ अनुसन्धान गरी उत्तरदायी शासन पद्धतिको विकास गर्ने । | ■ गैरन्यायिक, गैरकानुनी तथा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष समाधीक्षक र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी कार्य समूहद्वारा भ्रमणको लागि गरिएको अनुरोध स्वीकार गरिएको छैन ।<br><br>■ यस सम्बन्धमा सरकारले देशको क्षमता, प्राथमिकता र आवश्यकताका आधारमा आवश्यक पूर्व तयारीसमेत गरी उपयुक्त सयममा सकारात्मक जवाफ दिँदा भ्रमण फलदायी हुने सरकारको धारणा रहेको उल्लेख गरेको छ। हालसम्म निम्न विषयका समाधीक्षक तथा टोलीहरूले नेपालको भ्रमण गरेको जानकारी प्राप्त भएको छ :<br><br>■ स्वेच्छाचारी थुनासम्बन्धी कार्य समूहले सन् १९९६ मा, गैरन्यायिक हत्यासम्बन्धी विशेष समाधीक्षकले सन् २०००मा, बलपूर्वक बेपत्तासम्बन्धी कार्य समूहले सन् २००४ मा, आन्तरिक विस्थापितसम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधिले सन् २००५ मा, यातनासम्बन्धी विशेष समाधीक्षकले सन् २००५ मा, आदिवासी जनजातिको अधिकार विषयक विशेष समाधीक्षकले सन् २००८ मा, सशस्त्र द्वन्द्वमा बालबालिकासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासचिवका विशेष प्रतिनिधिले सन् २००८ र २००९ मा नेपालको आधिकारिक भ्रमण गरेको जानकारी प्राप्त भएको छ। | ■ गैरन्यायिक हत्याको सम्बन्धमा आयोगमा दर्ता भएका उजुरीहरू र कतिपय अवस्थामा स्वविवेकमा उजुरी दर्ता गरी अनुसन्धान गरी गैरन्यायिक हत्या गरेको ठहर भएमा दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिसहरू गरिएको छ। सरकारले पीडितलाई क्षतिपूर्ति दिए पनि दोषीलाई कारवाही गरेको पाइएको छैन ।<br><br>■ गैरन्यायिक हत्यामा संलग्न व्यक्तिलाई व्यक्तिगत जवाफदेहिताको आधारमा कारवाही गर्न नेपाल सरकारलाई पत्राचार गरिएको । |
| दण्डहीनताको अन्त्य | स्वीडेन,संयुक्त अधिराज्य (स्वीकार गरिएको) | ■ निष्पक्षताको अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अपनाइएको कार्यविधिबाट विगत तथा वर्तमान दुवै समयमा गरिएका मानवअधिकार उल्लङ्घनका पीडकहरूलाई न्यायको कठघरामा ल्याइने कुराको सुनिश्चितता गर्ने । | ■ विगत तथा वर्तमान समयमा मानव अधिकार हनन्मा संलग्न पीडकहरूलाई कारवाही गर्ने कुरामा सरकारले पटकपटक प्रतिवद्धता जाहेर गरेको भए पनि व्यवहारमा त्यसको कार्यान्वयन हुन सकेको छैन। राजनीतिक हस्तक्षेपबाट पीडकहरूलाई उन्मुक्ति दिने कार्य भइरहेको पाइन्छ। मानव अधिकार हनन्मा संलग्न जिम्मेवार व्यक्तिहरू एवम् गम्भीर फौजदारी मुद्दा लागेका व्यक्तिहरू समेतको मुद्दा फिर्ता लिने कार्यले दण्डहीनतालाई प्रोत्साहन गरेको पाइएको छ। | ■ आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको तत्कालीन नेपालस्थित कार्यालयले दण्डहीनता र फौजदारी मुद्दाको फिर्तासम्बन्धी अवधारणा पुस्तिका प्रकाशित गरी नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो । |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ सम्बन्धीत सबै संस्थागत निकायहरू, विशेषगरी सेना तथा प्रहरी बलले द्वन्द्वको बेला तथा द्वन्द्वपछि भएका मानव अधिकारका गम्भीर उल्लङ्घनमा जिम्मेवार मानिएकाहरूका सम्बन्धमा न्यायपालिकाले गरेका सबै निर्णयहरूको पूर्णरूपमा सम्मान हुने कुरा सुनिश्चित गर्ने ।<br><br>■ मानव अधिकार उल्लङ्घन र दुर्व्यवहारको अनुसन्धान तथा अभियोजन गरी, नेपाली सेना लगायतका सम्बन्धमा भएका अदालतका निर्णयहरूको कार्यान्वयन गरी तथा राजनीतिक हस्तक्षेपको अन्त गरी दण्डहीनतालाई समाधान गर्ने । | ■ खासगरी विगतको सशस्त्र द्वन्द्वको अवधिमा भएका मानव अधिकार हनन्का घटनाहरूमा संलग्न सुरक्षा निकाय र गैरराज्य पक्षका जिम्मेवार व्यक्तिहरूलाई कारवाही गर्ने सम्बन्धमा अदालतबाट भएका फैसलाहरूको कार्यान्वयनको अवस्था अत्यन्त कमजोर रहेको पाइन्छ ।<br><br>■ यस्ता मुद्दाहरूमा अभियोजनको प्रारम्भदेखि निर्णय कार्यान्वयन तहसम्म नै राजनीतिक हस्तक्षेप हुने गरेको पाइएको छ ।<br><br>■ निष्पक्ष अनुसन्धान नहुनु, अदालतका आदेशहरूको कार्यान्वयन नहुनुले दण्डहीनताको प्रवृत्ति मौलाउँदै गएको पाइन्छ ।<br><br>■ नेपाली सेनाले विशेषतः सशस्त्र द्वन्द्वको अवधिमा दोषी सैनिकहरूलाई प्रचलित कानुन बमोजिम कारवाही हुँदै आएको भनी उल्लेख गरेपनि मानव अधिकारको गम्भीर उल्लङ्घन एवम् अदालतहरूबाट भएका आदेश बमोजिम त्यस्ता दोषी सैनिकहरूलाई अदालतहरू समक्ष उपस्थित गराउने कार्यमा सहयोग गरेको पाइएको छैन । यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस समेत कार्यान्वयन गरेको छैन । | ■ नेपाल सरकारले द्वन्द्वको समय र त्यसपछि भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको समबन्धमा मुद्दा फिर्ता लिने गरी गरेको निर्णय मानव अधिकारका मापदण्ड विपरीत भएको र त्यस्तो कार्यले मानव अधिकार संरक्षण कार्यमा बाधा पुग्न जाने भएकाले निर्णय सच्याउन र मुद्दा फिर्ता लिने कार्य नगर्न तथा मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिलाई कारवाही गर्न नेपाल सरकारलाई पत्राचार गरेको ।<br><br>■ आयोगले मुलुकमा दण्डहीनताको संस्कृतिले प्रश्रय पाएको कुरामा चासो दिई नेपाल सरकार, राजनीतिक दलहरू एवम् सम्बन्धीत अन्य पक्षहरूको ध्यानाकर्षण गराउँदै आएको छ । यसका लागि विभिन्न तहमा गोष्ठी, अन्तर्क्रिया, बैठक, छलफल, प्रकाशन लगायतका कार्यहरू गरिएका छन् । यस सन्दर्भमा नागरिक समाजसँग सहकार्य गरेर समेत कार्यक्रमहरू गरिदै आएको छ । |
| | नेदरल्याण्ड (परीक्षण गरिने) | ■ द्वन्द्वकाल अघि र पछिका मानव अधिकार उल्लङ्घनका बाँकी रहेका मुद्दाहरूको अनुसन्धान गरी दोषीलाई अन्तराष्ट्रिय मापदण्ड अनुरूप कानुनी दायरामा ल्याउने । | | |

क्रमसः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| मानव बेचबिखन तथा लैङ्गिक हिंसाको अन्त्य | इन्डोनेसिया, स्पेन, थाइल्याण्ड, ब्राजिल, भुटान, मलेसिया नेदरल्याण्ड, जापान, अष्ट्रिया<br>(स्वीकार गरिएको) | ■ महिला विरुद्ध हुने घरेलु हिंसा तथा मानव बेचबिखनको क्षेत्रमा वृहत कानुन ल्याउने तथा विद्यमान कानुनलाई कडाइका साथ लागू गर्ने ।<br><br>■ लैङ्गिक हिंसामा पीडितको सुरक्षाको सुनिश्चितताका लागि प्रभावकारी कदम चाल्ने, आरोपहरूको समुचित तरिकाले अनुसन्धान गर्ने तथा जिम्मेवारहरू विरुद्ध अभियोजन गरिने तथा दण्ड दिइने कुरा सुनिश्चित गरिनुपन ।<br><br>■ महिला र बालिका विरुद्धका हिंसाका उजुरीहरूलाई प्राथमिकताकासाथ अनुसन्धान हुने कुरा सुनिश्चित गर्ने । अनुसन्धान गरी सुनिश्चित गर्ने ।<br><br>■ लैङ्गिक हिंसाबाट पीडितहरूलाई प्रभावकारी रूपमा न्याय तथा संरक्षणमा पहुँच प्रत्याभूति गर्न उपायहरू अवलम्बन गर्ने ।<br><br>■ मानव बेचबिखनविरुद्ध लड्ने, पीडकहरूलाई अभियोजन गर्ने तथा पीडितहरूलाई संरक्षण तथा क्षतिपूर्ति प्रदान गर्ने । | ■ घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ तथा नियमावली २०६७ लागू गरी यस सम्बन्धी उजुरीहरू राष्ट्रिय महिला आयोग र प्रहरी कार्यालयहरूमा गर्न सकिने प्रावधान राखी सोही बमोजिम उजुरीहरूको छानविन गरी पीडितहरूको मानव अधिकार संरक्षण गर्ने कार्य भइरहेको पाइन्छ । साथै राष्ट्रिय महिला आयोगबाटबाट यस ऐनमा रहेका कमजोरीहरूमा संशोधन गरी घरेलु हिंसासम्बन्धी मुद्दालाई सरकारवादी फौजदारी मुद्दा ( अनुसूची- १) मा समावेश गराउन पहल भइहेको बुझिएको छ ।<br><br>■ यसैगरी मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण ऐन, २०६४ तथा नियमावली कार्यान्वयनमा रहेका छन् ।<br><br>■ नेपाल सरकारबाट लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०६९/७०–२०७३/०७४) लागू गरिएको पाइएको छ ।<br><br>■ श्रमजीवी महिलाहरूप्रति डान्स रेन्टुरेन्ट, डान्सबार जस्ता कार्यस्लथमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धी सर्वोच्च अदालतबाट जारी भएको निर्देशिका, अध्यागमन ऐन,२०४९, वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ कार्यान्वयनमा रहेका छन् ।<br><br>■ राष्ट्रिय महिला आयोगले बलात्कारसँग सम्बन्धीत कानुनहरूको अध्ययन गरी दोषीलाई कारवाही र पीडितले क्षतिपूर्ति पाउने कुराको सुनिश्चित हुने प्रावधानहरू राख्नुका साथै हाल विद्यमान उजुरी गर्नेसम्बन्धी ३५ दिने हदम्यादमा संशोधन गरी हदम्यादमा थप गर्न पहल गरिरहेको बुझिएको छ । यसको साथै यौनजन्य हिंसाका उजुरी हेर्न जिल्लाहरूमा विशेष अनुसन्धान इकाई स्थापना गर्न आवश्यक हुने लगायतका सुझावहरू दिइएको पाइन्छ । | ■ आयोगमा मानव बेचविखन विरुद्ध विशेष समाधीक्षकको कार्यालयमार्फत् मानव बेचबिखन विरुद्ध कार्यहरू भइरहेको छ । मानव बेचबिखन (विशेषगरी महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने गरिएका छ ।<br><br>■ महिला विरुद्धहुने हिंसाका घटनाहरू दिनानुदिन बद्दै गएको पाइएकाले महिला विरुद्ध हुने घरेलु हिंसाका विरुद्ध जनचेतनाका कार्यक्रमहरू संञ्चालन गर्न तथा महिला विरुद्धहुने हिंसाको घटनामा दोषी पाइएकाहरूलाई कानुनी.कारवाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।<br><br>■ महिला विरुद्ध हुने भेदभाव र शोषण विरुद्धका विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ लैङ्गिक हिंसासम्बन्धी उजुरी व्यवस्थापना इकाईको स्थापना भएको र ७५ जिल्लामा स्रोत समूह स्थापना गरिएको ४४ जिल्लामा यस सम्बन्धमा कार्य गर्नका लागि एउटा छुट्टै डेस्कको स्थापना भएको पाइएको छ । यस्ता घटनाबाट पीडितहरूको लगत तयार गर्ने, सशस्त्र प्रहरी तथा नेपाली सेनामा महिलाको लागि छुट्टै व्यारेक वनाउने कार्य गरिने भएको बुझिएको छ ।<br><br>■ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले पुनःस्थापना केन्द्र सञ्चालन गर्न आवश्यक न्युनतम मापदण्ड तथा पुनःस्थापना केन्द्र निर्देशिका तयार गरेको छ ।<br><br>■ महिला हिंसा रोक्नका निमित्त सरकारले संस्थागत विकास, कानुन सुधार, नीतिगत प्रयास र आर्थिक सहयोग लगायतका कार्यहरू गर्दै आएको छ ।<br><br>■ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा महिला हिंसा विरुद्धका उजुरीहरू सुन्ने डेस्कको स्थापना भई कार्य भइरहेको पाइएको छ ।<br><br>■ राज्यले लैङ्गिक हिंसा विरुद्धको कानुन कार्यान्वयनमा ल्याए पनि व्यापक मात्रामा भइरहेका घटनाहरूलाई त्यसले सम्बोधन गर्न सकिरहेको छैन । पीडितहरूको पहुँचको अभाव पीडित एवम् साक्षीहरूको प्रभावकारी सुरक्षा हुन नसक्नु, परम्परावादी पितृ सत्तात्मक समाजको स्वरूपमा समयानुकूल परिवर्तन हुन नसक्नु एवम् विभेदकारी सामाजिक संरचना कायमै रहनु जस्ता कारणहरूले महिला हिंसामा अपेक्षित कमी ल्याउन सकिरहेको पाइँदैन ।<br><br>■ महिला तथा बालबालिकाहरू बलात्कार, हत्या, कुटपिट एवम्दुर्व्यवहारका घटनाहरूबाट पीडित भएका समाचारहरू दैनिक रूपमा आइरहेका पाइन्छ । | ■ महिला तथा बालबालिका विरुद्ध हुने हिंसासम्बन्धी घटनाहरूमा अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्दै आएको छ ।<br><br>■ महिला अधिकारको अवस्थाको विषयमा राष्ट्रिय प्रतिवेदन प्रकाशित गर्नका लागि आवश्यक अध्ययन भइरहेको छ ।<br><br>■ आयोगले २०६५/४/१४ मा नेपाल राज्यभर भएका विद्यालय छात्र, बालकल्याण गृह र बालबालिकाका लागि बसोबास गर्न राखिएका आवास गृहहरूमा बालबालिकामाथि समयसमयमा यौनशोषण, दुर्व्यवहारहरू हुने गरेको सत्य तथ्य बाहिर आइरहेको सन्दर्भमा ती बालबालिकाहरूको उचित संरक्षण र लालनपालनको निम्ति बालअधिकारमुखी एवम् राष्ट्रिय नीति तर्जुमा गरी लागूगर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ । |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ मानव बेचविखन र महिला तथा बालबालिका विरुद्ध हिंसाका सम्बन्धमा दण्डहीनताको अन्त्य गर्न आवश्यकता अनुसार थप कानुनी कदमहरू चाल्ने र प्रभावकारी कार्यान्वयन गर्ने प्रयासलाई तीव्र पार्ने ।<br><br>■ मानव बेचविखन र ओसार-पसार सम्बन्धी ऐन, २००७ र नियमावली, २००८ को कार्यान्वयनलाई सुदृढ गर्ने ।<br><br>■ बालबालिकाको ओसार-पसार तथा बेचबिखन विरुद्ध विस्तृत कानुनी खाका तयार गर्ने ।<br><br>■ महिला तथा बालबालिकालाई भौतिक तथा यौनशोषणबाट संरक्षण गर्ने, कानुन कार्यान्वयन तथा न्यायिक प्रणालीलाई थप सुदृढ गर्ने, विशेषगरी बालबालिकालाई बलपूर्वक बेश्यावृत्तिमा लगाउने कार्य विरुद्ध लड्ने, पीडकहरूलाई अभियोजन गर्ने तथा पीडितहरूलाई संरक्षण र क्षतिपूर्ति प्रदान गर्ने ।<br><br>■ महिला र बालबालिकामाथि हुने हिंसाको अन्त्य गर्न राष्ट्रिय कार्ययोजना बनाउने । | ■ महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट मानव बेचबिखन विरुद्ध राष्ट्रिय कार्ययोजना तर्जुमा भएको छ । उक्त योजनामा रोकथाम, संरक्षण, अभियोजन, सरोकारवाला संस्थाहरूको क्षमता विकास र सहयोग समन्वय गरी पाँचवटा विषयलाई प्राथमिकता दिइएको छ ।<br><br>■ महिला तथा बालबालिका विरुद्ध हुने हिंसा रोक्ने उद्देश्यले केन्द्रीय बालकल्याण समितिले हाल १४ जिल्लाहरूमा बाल हेल्पलाइन र १५ जिल्लामा महिला सेवा केन्द्र सञ्चालन गर्दै आएको छ । उक्त सेवा ७५ जिल्लामा पुऱ्याउने लक्ष्य लिएको बुझिएको छ ।<br><br>■ हजारौं नागरिकहरू विदेशमा बेचिएर दासत्वपूर्ण जीवन विताउनु परेको अवस्था छ । विशेषगरी महिला तथा बालबालिकाको ओसार-पसार तथा बेचबिखन र मानव तस्करी प्रमुख समस्याको रूपमा रहेका छन् । मानव बेचबिखनको विरुद्ध सरकारले नागरिक समाज समेतसँग सहकार्य गरी कदमहरू चालेको भए पनि ती पर्याप्त छैनन् ।<br><br>■ मानव बेचबिखन तथा ओसार-पसारसम्बन्धी ऐन, २००७ र नियमावली, २००८ लागू भए पनि न्यायिक प्रक्रियामा ढिलाइ जस्ता कारण त्यसको समेत अपेक्षित कार्यान्वयन हुन सकिरहेको पाइँदैन । | ■ आयोगको मानव बेचबिखनसम्बन्धी राष्ट्रिय समाधीक्षकको कार्यालयले मानव बेचबिखनसम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशनगर्दै आएको ।<br><br>■ आयोगको मिति २०६१/७/१७ को निर्णयबाट भारतीय सर्कस कम्पनीहरूमा नेपाली महिला तथा बालबालिकाहरूलाई जबर्जस्ती काममा लगाइएको पाइएको र यस विषयमा जिल्ला प्रशासन कार्यालयसमेतले चासो देखाएको नपाइएकाले यस्तो घटनामा दोषीमाथि कानुनी कारवाही गर्न फर्कन चाहनेहरूलाई ससम्मान घर फर्काउन तथा उनीहरूको पुनःस्थापना तथा पुनःएकीरणका लागि स्पष्ट नीतिल्याउन र फर्काइएकाहरूको उद्धार, पुनःस्थापना र पुनःएकीरणको निमित्त यससँग सम्बन्धीत सङ्घसंस्थाहरूको नियमित अनुगमन गर्ने तथा गरिबीको कारण बालबालिका तथा महिलालाई त्यस्तो जोखिपूर्ण कार्यमा लगाइएको पाइएकाले प्रभावित ठाउँलाई लक्षित गरी आयमूलक कार्यक्रम संचालन गर्न नेपाल सरकारलाई सिफारिस गरेको । |



क्रमसः ...

क्रमश: ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| लैङ्गिक समानता | इजिप्ट, फिलिपिन्स, सिंगापुर, अजरवैजान, न्यूजिल्याण्ड (स्वीकार गरिएको) | ■ लैङ्गिक समानता सुनिश्चित गर्ने प्रयास जारी राख्ने र विकास, संरक्षण र सहभागितामा बनाइएका योजना अनुरूप आफ्ना नागरिकहरूको स्तरीय जीवनशैलीको प्रत्याभूति गर्न महिलाहरूको भूमिकालाई प्रवर्द्धन गर्ने ।<br>■ लैङ्गिक समानताको सुनिश्चितताका लागि निरन्तर प्रयास जारी राख्ने ।<br>■ समाजमा महिलाको भूमिका बढाउन प्रोत्सान दिने ।<br>■ महिला विरुद्ध हुने हिंसा रोक्न अग्रणी प्रयास गर्ने र महिलाको प्रशासनिक र राजनीतिक निर्णय गर्न सहभागिता बढाउने ।<br>■ लैङ्गिक समानताको सुनिश्चितता गर्ने ।<br>■ महिलाको अधिकार संरक्षणका लागि बढी प्रयास गर्ने ।<br>■ द्वन्द्व प्रभावित महिलाहरूलाई पुनःस्थापना गर्न विभिन्न कार्यक्रमको ढाँचा तयार र कार्यान्वयन गर्ने | ■ कानुन आयोगबाट महिलासँग सम्बन्धीत कानुनहरूको पुनरावलोकन कार्य भइरहेको बुझिएको छ ।<br>■ लैङ्गिक समानताका लागि राज्यले विभिन्न कार्यहरू गर्दै आएको छ । प्रधानमन्त्रीको कार्यालयमा लैङ्गिक हिंसा विरुद्धका उजुरी सुन्ने व्यवस्था गरिएको छ र राज्य निरन्तर लैङ्गिक समानताको सुनिश्चितताका लागि कार्यरत भएपनि यसको सुनिश्चितता हुन सकेको छैन ।<br>■ मानव अधिकार राष्ट्रिय कार्ययोजनाले समाजका हरेक तहमा महिलाहरूको सुनिश्चित हुने कुरामा जोड दिएको भए पनि महिलाहरूको अर्थपूर्ण सहभागितको अवस्था अत्यन्त कमजोर देखिन्छ ।<br>■ विशेषतः महिला विरुद्ध लगाईएका बोक्सीका आरोपका घटनामा राष्ट्रिय महिला आयोगबाट विभिन्न सिफारिश भएका भएपनि त्यसको कार्यान्वयन हुन सकेको छैन ।<br>■ नेपाल सरकारले द्वन्द्वबाट प्रभावीत महिलाहरूको पुर्नस्थापनाको निमित्त संयुक्त राष्ट्रसङ्घय सुरक्षा परिषद्को प्रस्ताव नं. १३२५ र १८२० लागु गर्ने सम्बन्धमा कार्ययोजना तयार गरेको पाइन्छ । उक्त कार्ययोजना बनाई लागू गर्ने नेपाल दक्षिण एशियामा नै पहिलो राष्ट्र हो ।<br>■ सशस्त्र द्वन्द्वको क्रममा भएका हिंसाबाट पीडित भएका महिलाहरूलाई पुनर्स्थापना, परिपुरण एवम् न्याय दिने क्रममा सरकारले कुनै कदम चालेको पाइदैन ।<br>■ नेपालको अन्तरिम संविधान, २०६३ को मौलिक हकमा महिला पुरुषबीच समानताको व्यवास्था हुनुको साथै महिला सम्बन्धी हकको व्यवस्था रहेको छ । | ■ आयोगले महिला अधिकारसम्बन्धी कानुनहरूको पुनरावलोकन गरी सुधार गर्नुपर्ने कुराहरूमा नेपाल सरकारलाई सुझावहरू दिंदै आएको छ ।<br>■ नागरिक समाजसँग सहकार्य गरी महिलामाथि हुने भेदभावको अन्त्य, सहभागितामा अभिवृद्धि एवम् महिला हिंसाको अन्त्यलगायतका विषयहरूमा वकालत गर्ने कार्य भइरहेको ।<br>■ महिला अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू संञ्चालन गरी यस विषयमा वकालत गर्दै आइरहेको ।<br>■ मुलकी ऐन एघारौं संशोधन (जसलाई महिलासम्बन्धी विधेयक भनिएको थियो) मा आयोगबाट नेपाल सरकारलाई सुझावहरू पठाइएको |

क्रमश: ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ यसैगरी विभेदकारी कानुनहरूमा क्रमशः सुधारहरू भइरहेको पाइन्छ ।<br><br>■ महिला सहभागिताको वृद्धि गर्ने उद्देश्यले न्याय सेवाको प्रवेश परीक्षामा महिलाहरूलाई तालिम संचालन गरिँदै आएको बुझिएको छ ।<br><br>■ निजामति सेवामा प्रवेशको लागि लिइने हरेक किसिमको परीक्षामा सीमान्तकृत र पछाडि पारिएको, जनजाति, मधेशी तथा महिलाहरूको लागि आरक्षणको व्यवस्था राखिएको पाइन्छ ।<br><br>■ रोजगारीमा सबैको समावेशिताको लागि थप कार्य गर्नेतर्फ नेपाल सरकारबाट पहल भइरहेको भन्ने बुझिएको छ । | |
| लैङ्गिक समानता, तेस्रो लिङ्गीको अधिकार | संयुक्त राज्य अमेरिका, नर्वे, न्यूजिल्याण्ड (स्वीकार गरिएको) | ■ महिला, तथा पुरुष समलिङ्गी, द्विलिङ्गी, तेस्रो लिङ्गी र अन्तरलिङ्गी समुदायका सदस्यहरूको नेपालको सर्वोच्च अदालतको सन् २००८ को फैसला कार्यान्वयन गर्ने ।<br><br>■ तेस्रो लिङ्गी नागरिकहरूले नागरिकता पाउने अधिकार सुनिश्चित गर्न कानुन निर्माण गर्ने ।<br><br>■ प्रस्तावित देवानी तथा फौजदारी लगायतका कानुनमा यौनझुकाव तथा लैङ्गिक पहिचानका आधारमा विभेद नगरिने कुरा सुनिश्चित गर्न कदम चाल्ने । | ■ सरकारले तेस्रो लिङ्गी नागरिकहरूलाई पहिचानको आधारमा नागरिकता दिन नागरिकता सम्बन्धी नियमावलीमा संशोधन गर्नुका साथै यस सम्बन्धी निर्देशिका जारी गरेपछि तेस्रो लिङ्गी नागरिकहरूले पहिचान सहितको नागरिकता पाउन थालेका छन् तथापि पहिला नै नागरिकता लिएका व्यक्तिहरूले पहिचानसहितको नयाँ नागरिकता लिने सम्बन्धमा समस्याहरू रहेको पाइएको छ ।<br><br>■ तेस्रो लिङ्गी नागरिकहरू विरुद्ध भेदभाव भइरहेको र उनीहरूलाई विशेष गरी काठमाडौँमा प्रहरीद्वारा दुर्व्यवहार भएका घटनाहरू पाइएका छन् ।<br><br>■ सर्वोच्च अदालतको सन् २००८ को फैसला बमोजिम कार्यदल गठन भएको भए पनि त्यसले हालसम्म पनि आफ्नो निष्कर्ष दिन नसक्दा समस्याको समाधान हुन नसकेको अवस्था छ । | ■ तेस्रो लिङ्गी नागरिकहरू माथि भएको भेदभाव र दुर्व्यवहारका घटनाहरूको आयोगले अनुगमन एवम् अनुसन्धान गर्दै आएको छ । |

क्रमशः ...

क्रमश: ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| भेदभाव विरुद्धको अधिकार | अर्जेन्टिना,पेल्याण्ड, डेनमार्क, बोलिभिया, चेक रिपब्लिक, भियतनाम, संयुक्त राज्य अमेरिका, म्यानमार, अल्जेरिया, मोरक्को, क्युवा, मलेसिया, पाकिस्तान, हँगेरी, सिंगापुर,जापान, पाकिस्तान,स्वीडेन, नेदरल्याण्ड, जर्मनी, अष्ट्रिया, संयुक्त अधिराज्य, नर्वे ।<br><br>(स्वीकार गरिएको) | ■ लिङ्ग, जात, वर्ग, अपाङ्गता, भौगोलिक अवस्था, आदिबासी लगायतका कारणले विभेदमा परेका वा बहिष्करणमा पेरका व्यक्तिहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुनिश्चितताका लागि भएका प्रयासहरूलाई जारी राख्ने ।<br><br>■ दलित विरुद्ध हुने विभेदको अन्त्य गर्न आवश्यक कानुनी तथा नीतिगत उपायहरू अवलम्वन गर्ने ।<br><br>■ जाति, लिङ्ग, धर्म, जातीयता, राजनीतिक आस्था वा अपाङ्गताको आधारमा हुने विभेदलाई अपराधीकरण गर्ने ।<br><br>■ सबै प्रकारका विभेदलाई अपराध मान्नु/अपराधीकरण गर्नु ।<br><br>■ रोजगारी र नियुक्ति प्रक्रियामा हुने भेदभावहरूलाई रोक्न आईएलओ महासन्धि १११ बमोजिम नयाँ श्रम कानुनहरू निर्माण गर्ने ।<br><br>■ सबै प्रकारका भेदभावको अन्त गर्ने, जातीयतामा हुने भेदभाव र छुवाछुतसम्बन्धी विधेयक स्वीकृत गर्ने । | ■ सकारात्मक विभेदको आधारमा राज्यले लिङ्ग जात, वर्ग, अपाङ्गता, भौगोलिक अवस्था, आदिवासी लगायतका कारणले विभेदमा परेका वा बहिष्करणमा पेरका व्यक्तिहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको सुनिश्चितताका लागि संवैधानिक तथा कानुनी रूपमा विभिन्न कार्यहरू गर्दै आएको भएतापनि अझै यी समस्याहरू समाधान हुनलाई धेरै काम गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।<br><br>■ दलितहरूमाथि हुने भेदभावको विरुद्धकानुनी तथा नीतिगत व्यवस्थाहरू गरिँदै आएको पाइएको छ ।<br><br>■ जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाँय) ऐन, २०६८ जारी भएको छ ।<br><br>■ भेदभावको अन्त्यको लागि बनाइएका कानुन, नीति नियमहरू र योजनाहरूको कार्यान्वयनको पक्ष भने कमजोर रहेको पाइन्छ । पछाडि पारिएका वर्गको पहुँच वृद्धि गर्नका लागि कार्यक्रमहरूको निर्धारण गरी उनीहरूको पहुँच वृद्धि र सहभागिताको सुनिश्चितता गर्नु आवश्यक देखिन्छ ।<br><br>■ जातीय छुवाछुत (अपराध तथा सजाँय) विधेयक, २०६८ पारित भई लागू रहेको छ ।<br><br>■ दलितमाथि हुने छुवाछुतको प्रचलनमा कमी आउँदै गए पनि कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्नु तथा चेतनामूलक कार्यक्रमहरूको कमीले छुवाछुतको प्रचलन अझै विद्यमान रहेको पाइन्छ । | ■ सम्बन्धीत विषयहरूमा बनेका ऐन, नियम तथा नीतिहरूमा आयोगले सुझावहरू दिएको छ ।<br><br>■ आयोगबाट अनुगमन, उजुरी ग्रहण, अनुसन्धान, अध्ययन र सिफारिस हुँदै आएको छ ।<br><br>■ अन्तर्क्रिया कार्यक्रमहरू, गोष्ठी र छलफल कार्यक्रमहरू गरी यस विषयमा वकालत गर्दै आएको ।<br><br>■ आयोगले यस सम्बन्धी उजुरीहरूको ग्रहण गर्ने, अनुसन्धान एवम् अनुगमन गर्ने, पीडितहरूलाई परामर्श उपलब्ध गराउने, विभिन्न कार्यक्रमहरू मार्फत् वकालत गर्न कार्य गर्दै आएको छ । |

क्रमश: ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ सबै प्रकारका जातीय भेदभावहरूको उन्मूलनसम्बन्धी महासन्धिमा उल्लेख भएका प्रतिवद्धता लागू गर्ने ।<br><br>■ जातिय आधारमा हुने भेदभाव विरुद्धका नीतिहरूको दुर्गम क्षेत्र समेतका स्थानीय निकायहरूले पूर्ण कार्यान्वयन गर्ने कुरा सुनिश्चित गर्ने ।<br><br>■ छुवाछुत लगायतका परम्परादेखि रहिआएका भेदभावलाई सम्बोधन गर्न प्रभावकारी कानुन लागू गर्ने ।<br><br>■ दलितलाई गरिने भेदभावसहितका सबै भेदभावको अन्तका लागि आवश्यक कानुनी र नीतिगत कार्य गर्ने ।<br><br>■ जातीय भेदभावलाई अपराधीकरण गर्ने । | ■ दलितसँग अन्तरजातीय विवाह गर्ने कुरालाई प्रोत्साहन दिन त्यस्तो विवाह गर्ने जोडीलाई एक लाख रुपैयाँ रकम दिने नीति सरकारले ल्याएको थियो । समाजमा अझै पनि दलितसँगको अन्तरजातीय विवाह गर्ने व्यक्तिलाई समेत हेयको दृष्टिले हेर्ने, छुवाछुत गर्ने, दवाव दिई छुट्याउने, झुट्ठा मुद्दा लगाउने तथा बहिष्करण गर्ने जस्ता कार्यहरू भइरहको पाइन्छ । | ■ यस सम्बन्धी घटनाहरूमा आयोगले स्वविवेकमा समेत उजुरी ग्रहण गरी घटनाको अनुगमन अनुसन्धान गर्ने गरी दोषीलाई कारवाही तथा पीडितलाई क्षतिपूर्तिको निमित्त सिफारिस गरेको । उदाहरणका लागि, डोटीको चन्दननाथ मन्दिरमा दलितहरूले प्रवेश गरेको कारण दलितहरू माथि कुटपिट भएको घटनाको आयोगले अनुसन्धान गरी सिफारिस गरेको थियो ।<br><br>■ महिला, दलित, आदिवासी जनजाति तथा बालबालिकाका अधिकारहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको हुनुपर्ने विषयमा आयोगले निरन्तर वकालत गर्ने एवम् आवश्यकता अनुसार विद्यमान कानुनहरूमा पुनरावलोकन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आएको । |
| | | ■ अन्तर्राष्ट्रिय मानव अधिकारको मापदण्ड अनुरूपको कानुन निर्माणका लागि नीति तथा विधेयक पुनरावलोकन गरी जातीय विभेदको अन्त्य गरिनुपर्ने ।<br><br>■ जातीय भेदभावका मुद्दाहरूलाई सुनिश्चित रूपमा उठाउने, अनुसन्धान गर्ने, दोषीलाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिलाउने । | ■ राष्ट्रिय महिला आयोग, दलित आयोग, जनजाति प्रतिष्ठानको गठन भएको र जातीय विभेद तथा छुवाछुत (दण्ड र सजाँय), २०६७ , ऐन पारित भई लागू भइसकेको छ तर यस सम्बन्धमा नीति बन्न सकेको छैन ।<br><br>■ जातीय भेदभावमा संलग्न व्यक्तिहरूलाई मुद्दा चलाउने भन्दा पनि मेलमिलाप गराउन नै प्रशासनिक संयन्त्रहरू क्रियाशील रहेको पाइन्छ जसको कारण समाजमा रहेको विभेदपूर्ण व्यवहारको तुलना गर्ने हो भने यसमा सजाय पाउने व्यक्तिहरूको संख्या अत्यन्त न्यून रहेको पाइन्छ । | |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ धर्म, वर्ण र लिङ्गको आधारमा कानुन र व्यवहारमा हुने विभेदको अन्त्यको लागि निरन्तर प्रयास गर्ने ।<br><br>■ जातीय विभेद, महिला, दलित, आदिवासी जनजातिका अधिकार तथा बालबालिकाका अधिकारसँग सम्बन्धीत कानुनहरूलाई मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको बनाउन समीक्षा गरी अवलम्बन गर्ने ।<br><br>■ सबै जाति, संस्कृति र भाषालाई समान बनाउनका लागि आवश्यक कानुनहरूको तर्जुमा गर्ने ।<br><br>■ सबैले मानव अधिकारको समान रूपमा उपभोग गर्ने र सबै प्रकारका भेदभावको अन्त्यको लागि प्रभावकारी उपायहरू अवलम्बन गर्ने ।<br><br>■ जाति, लिङ्ग, धर्म, राजनीतिक आस्था र अपाङ्गताको आधारमा हुने भेदभावलाई अपराधीकरण गर्ने ।<br><br>■ लामो समयदेखि हुँदै आएका छुवाछुत लगायतका भेदभावहरूको अन्त्य गर्न प्रभावकारी कानुनी उपायहरू अवलम्बन गर्ने ।<br><br>■ जोखिममा रहेका र सीमान्तकृत समुदायमाथि लिङ्ग र जातीयतासमेतको आधारमा हुने भेदभादको उन्मूलन गर्ने । | ■ नेपालमा वर्णको आधारमा कानुनी र व्यावहारिक रूपमा विभेद नभएको । धर्म र लिङ्गको आधारमा हुने विभेद अन्त्यका लागि कानुनी तथा अन्य प्रबर्द्धनात्मक कार्यहरू भइरहेका भएपनि यसको अन्त्य नभइसकेको अवस्था रहेको छ ।<br><br>■ सरकारबाट जाति, धर्मको आधारमा हुने विभेदजन्य कार्यलाई जातीय विभेद तथा छुवाछुत (कसूर र सजाय) ऐन, २०६८ बमोजिम अपराध घोषित गरेको छ । उक्त ऐनको व्यवस्था बमोजिम यस्तो कार्य गरेमा तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजारदेखि २५ हजार रुपैंयाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको । तर लिङ्ग, राजनीतिक आस्था वा अपाङ्गताको आधारमा हुने विभेदलाई अपराध घोषण गरेको अवस्था नपाइएको अवस्था रहेको छ । | ■ कुनै एक धर्मको संरक्षण वा सम्बर्द्धन गर्दा अर्को धर्म वा धर्मावलम्बीहरूको हक, अधिकारलाई खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानव अधिकारको संरक्षण गर्न गराउन भनी नेपाल सरकारलाई सिफारिस गरी पठाइएको । |

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ जातीय भेदभावका घटनाहरूको उजुरी लिने, अनुसन्धान गर्ने र दोषीलाई अभियोजन गर्ने तथा पीडितहरूलाई क्षतिपूर्ति दिने ।<br><br>■ विभेदपूर्ण व्यवहार गर्ने प्रहरी वा न्यायिक व्यवस्थाका अधिकारीहरूमाथि स्वतन्त्र र विस्तृत अनुसन्धान गर्ने । | | |
| आदिबासी जनजातिको अधिकार | मलेसिया (स्वीकार गरिएको) | ■ आदिवासी, अल्पसंख्यक पिछडिएका समूहको, लोकसेवा, कानुन निर्माण गर्ने संस्था र स्थानीय सरोकारका विषयमा सहभागिता बढाउन अरू प्रभावकारी प्रक्रिया चाल्ने । | ■ यस सम्बन्धमा विद्यमान निजामति सेवा ऐनमा महिला, आदिबासी, जनजाति, दलित, मधेशी, पिछडिएको क्षेत्र लगायतका समूहहरूका लागि ४५ प्रतिशत सिट सुरक्षित गरिएको पाइएको छ । यसलाई थप प्रभावकारी बनाउन नेपाल सरकारले समावेशी विधेयक तयार गरी कानुन जारी गर्ने प्रयास गरेको भए तापनि व्यवस्थापिका संसदको विघटनसँगै यो कार्य हुन नसकेको । | |
| सामाजिक, आर्थिक र साँस्कृतिक अधिकार | कम्बोडिया, अजरवैजान, रसियन फेडेरेशन, माल्दिभ्स (स्वीकार गरिएको) | ■ सबै सामाजिक, आर्थिक र सामाजिक अधिकार पूर्ण उपभोग गर्न सुनिश्चित गर्ने ।<br><br>■ अत्यधिक रूपमा जोखिममा रहेका समुदायमा मानव अधिकार विशेषगरी आर्थिक, सामाजिक अधिकारको उपभोग सुनिश्चित गर्न शिक्षा र जनचेतना अभिवृद्धि गर्ने ।<br><br>■ दुर्गम क्षेत्रमा बसोबास गर्ने नागरिकहरू, दलित र जनजातिहरूलाई रोजगारी दिने र आय आर्जन गर्ने अवसर दिने किसिमका विशेष नीति तथा कार्यक्रमहरू बनाउने । | ■ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको संरक्षण गर्ने सन्दर्भमा राज्यको ध्यान पर्याप्त मात्रामा नगएको पाइएको छ । भोकमरी र सामन्य सरुवा रोगहरूको कारण मानिसहरूले ज्यान गुमाउनु परेको अवस्था छ ।<br><br>■ देशमा व्याप्त भ्रष्ट्राचार, सुशासनको अभाव, जवाफदेही प्रशासनको अभाव जस्ता कारणले जनताका न्यूनतम आर्थिक सामाजिक अधिकारहरूको प्राप्ति हुन नसकेको पाइन्छ ।<br><br>■ सरकारले परम्परागत रूपमा रहेका केही श्रम शोषणका स्वरूपहरूको अन्त्य गर्ने घोषणा गरेपनि मुक्त गरिएका श्रमिकहरूको उचित व्यवस्थापनका लागि उचित कार्यक्रमहरू लागू गर्न नसक्दा त्यस्ता प्रचलनहरू अझै कायमै रहेको पाइएको छ । सरकारले कमैया, हलिया, कमलरी जस्ता दासत्व सरहका श्रम शोषणको पूर्णरूपमा उन्मूलन गर्ने घोषणा गरेको छ । तर व्यवहारमा ठूलो संख्यामा श्रमिकहरू उक्त स्वरूप वा सो सरहको जीवन जिउन बाध्य छन् । | ■ आयोगले आर्थिक सामाजिक साँस्कृतिक अधिकारहरूको अनुगमनका लागि सूचकाङ्कहरूको निर्माण गरी अनुगमन गर्दै आएक छ ।<br><br>■ मानव अधिकारमुखी विकास पद्धति र नेपाल सरकारको मानव अधिकार कार्ययोजनाको कार्यान्वयनको लागि सरकारी निकायहरूको क्षमता विकास र अनुगमन कार्य निरन्तर रूपमा भइरहेको । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ सीमान्तकृत र जोखिममा रहेका समुदायको आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सुनिश्चित गर्न खाना, स्वास्थ्य शिक्षा र रोजगारी प्रदान गर्ने ।<br><br>■ सीमान्तकृत समुदायका लागि स्वास्थ्य र शिक्षा प्रदान गर्ने र रोजगारीका अवसरहरू सृजना गर्ने कार्यलाई वढावा दिने ।<br><br>■ नागरिक, राजनीतिक, आर्थिक, साँस्कृतिक अधिकारको सम्बोधनको सुनिश्चितताका लागि भेदभाव हटाउन निरन्तर प्रयास गर्ने ।<br><br>■ आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिद्वारा सुनिश्चित गरिएका खाद्यान्न, स्वास्थ्य, शिक्षा, रोजगारको उपयुक्त पहुँच प्राप्तिका लागि कदम चाल्ने ।<br><br>■ जोखिममा रहेका समूह खासगरी आदिवासी जनजाति, पूर्व बँधुवा श्रमिक, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू र एचआईभी एड्स भएका व्यक्तिहरूका लागि खाद्य सुरक्षाको विकास गर्ने ।<br><br>■ शिक्षा र स्वास्थ्यसम्बन्धी अधिकारको उपभोगका लागि लगातार योजना बनाउने, लागू गर्ने ।<br><br>■ बसोबास सम्बन्धी योजनाहरू बढाउन । | ■ नेपाल सरकारले कमलरीको शिक्षा तथा छात्रवृत्ति समेतलाई समावेश गरी कमलरीसम्बन्धी निर्देशिका जारी गरेको ।<br><br>■ सरकारले अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूका लागि न्यूनतम पारिश्रमिकसम्बन्धी कानुन समेत लागू गर्न सकेको छैन । ठूलो संख्यामा रहेका श्रमिकहरू (जसमा बालबालिका पनि पर्दछन्) श्रम शोषणको चरम मारमा परेको पाइएको छ । परिणाम स्वरूप घरेलु कामदारहरू (विशेषगरी महिला घरेलु कामदारहरू) आत्महत्या गरेका जस्ता घटनाहरू पनि भइरहेका छन् ।<br><br>■ देशभित्र स्थापना भएका सहकारी संस्थाहरूमा हाल ५० हजार व्यक्तिले प्रत्यक्ष रोजगारी/स्वरोजगारी प्राप्त गरेको अवस्था छ । आर्थिक रूपमा सक्षम बनाई भोक, गरीबी जस्ता असुरक्षाबाट मुक्ति दिलाउने कार्यमा सहकारी क्षेत्रले योगदान दिँदै आएको नेपाल सरकारले जानकारी गराएको छ । तथापि, सञ्चालनमा आएका सहकारी संस्थाहले लिने चर्को व्याज र अनियमितता जस्ता कारणहरूबाट सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकमको पूर्ण सुरक्षाको प्रत्याभूति हुन सकेको छैन ।<br><br>■ पछिल्लो समयमा सरकारले केही सहकारी संस्थाहरूमा अनुगमन गर्न थालेको पाइएको छ । हालसम्म १५५ वटा सहकारी संस्थाहरूको अनुगमन भएको र आर्थिक बर्ष २०७०/०७१ मा रु. ५ करोडभन्दा बढी बचत तथा ऋणको कारोवार गर्ने ५६६ वटा सहकारी संस्थाहरूको अनुगमन गरिने जानकारी प्राप्त भएको छ । | ■ आर्थिक, समाजिक अधिकार अन्तर्गत पर्ने शिक्षा, स्वास्थ्य सम्बन्धी अधिकारको अनुगमन गरी सरकारलाई आवश्यक सिफारिस गर्ने गरिएको ।<br><br>■ आयोगले आप्रवासी कामदारहरूका अधिकारको संरक्षणका लागि आप्रवासी कामदार तथा तिनका परिवारहरूको अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गर्न तथा आप्रवासी कामदारहरूको अधिकार संरक्षणका लागि प्रभावकारी कदम चाल्न नेपाल सरकारलाई सिफारिस गरेको छ ।<br><br>■ आयोगले आप्रवासी कामदारहरूको अधिकार संरक्षण सम्बन्धमा सन् २०१२ मा मानव अधिकार संस्थाहरूको अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरी काठमाडौं घोषणापत्र जारी गरिएको छ ।<br><br>■ नेपाल र दक्षिण कोरियाको राष्ट्रिय मानव आयोगहरूबीच आप्रवासी कामदारहरूको मानव अधिकार संरक्षणसम्बन्धी एक समझदारीमा हस्ताक्षर भई कार्यान्वयनमा रहेको छ । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ धनी र गरिबबीचको विभेद हटाउन लगातार काम गर्ने ।<br><br>■ देशभित्र र विदेशमा गएर काम गर्ने नागरिकको श्रमशोषणको अन्त्य गर्ने ।<br><br>■ राष्ट्रको आर्थिक, सामाजिक विकासको लागि रणनीति र योजनाहरू लागू गर्ने कुरालाई निरन्तरता दिने ।<br><br>■ सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि गरिबी घटाउन प्रयास जारी राख्ने र यसका लागि आवश्यक आर्थिक र प्राविधिक सहयोगको लागि आग्रह गर्ने ।<br><br>■ दुर्गम क्षेत्रको गरिबी घटाउन पहल गर्ने ।<br><br>■ गरिबी घटाउने प्रयासलाई निरन्तरता दिने र दीर्घकालीन विकासको सुनिश्चितता गर्ने ।<br><br>■ नेपाली जनतालाई सम्मानपूर्वक बाँच्न पाउने अवस्था सृजना गर्न गरिबी घटनउनका लागि आवश्यक आर्थिक विकासका कार्यक्रमहरूलाई निरन्तरता दिने ।<br><br>■ सहस्राब्दी विकासका लक्ष्य हासिल गर्न वर्तमान नीति र कार्ययोजना अनुरूप सामाजिक आर्थिक समानता हासिल गर्न र गरिबी निवारण गर्न अन्तर्राष्ट्रिय समुदाय सँग सहयोग प्राप्त गरी प्रयासहरू गर्ने । | ■ देशभित्रको बेरोजगारीको समस्याले गर्दा ठूलो संख्यामा युवाहरू रोजगारीको निमित्त विदेशिने क्रम बढ्दो छ । विदेशमा काम गरिरहेका श्रमिकहरूको अधिकार संरक्षणका लागि सरकारले केही प्रयासहरू गरेको भएतापनि ती सम्पूर्णरूपमा अपूर्ण छन् । रोजगारीको क्रममा दुर्घटना, यातना वा बिरामी भई मृत्यु भएका व्यक्तिहरूको शव महिनौंसम्म पनि स्वदेशमा ल्याउने काम समेत हुन सकेको छैन भने यस्ता घटनाहरूमा पीडितहरूले बीमा लगायतका सुविधाबाट समेत बञ्चित हुनु परेको अवस्था छ । बढ्दो संख्याको बैदेशिक रोजगारीको सन्दर्भमा मानव तस्करीका घटनाहरू बढ्दै गएको पाइएको छ । यसले गर्दा बढी शोषण र असुरक्षाको अवस्था सिर्जना भएको छ ।<br><br>■ विशेषगरी अनौपचारिक क्षेत्रमा काम गर्नेगरी वैदेशिक रोजगारमा जाने व्यक्तिहरू बढी शोषण र असुरक्षाको मारमा परेका छन् । महिलाहरूको अवस्था झन् गम्भीर रहेको पाइन्छ । यस सम्बन्धमा नेपाल सरकारले विशेष कार्यक्रमहरू लागू गर्ने, कानुनको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनुपर्ने तथा अनुगमन प्रक्रियालाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता देखिन्छ ।<br><br>■ नेपाल सन् २०१५ सम्म सहस्राब्दी विकासका अधिकांश लक्ष्यहरू हासिल गर्ने अवस्थामा रहेको पाइएको छ ।<br><br>■ नेपाल सरकारले २४ वटा जिल्लाहरूमा गरिब घर परिवार पहिचान सर्वेक्षण गरी १३ लाख फारम भराएको र यस बर्ष त्यसमाथि परीक्षण गरी गरिबहरूलाई परिचयपत्र उपलब्ध गराउने र अन्य जिल्लामा पनि यस्तो कार्यक्रम सञ्चालन गरिने जानकारी गराएको छ । | |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ बेरोजगारी तथा गरिबी घटाउने र वातावरण परिवर्तन सम्बन्धी र दीर्घकालीन विकासका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहकार्य गर्ने । | ■ नेपाल सरकारले हाल देशमा गरिबीको प्रतिशत घटेर २३.८ प्रतिशत रहेको र आगामी तीन वर्षमा १८ प्रतिशतमा घटाउने उल्लेख गरेको छ । हाल नेपाल सरकारले २४ जिल्लामा गरिबी पहिचान तथ्याङ्क संकलन कार्यक्रम सम्पन्न गरेको छ । समग्रमा गरिबीको प्रतिशतमा कमी आए पनि क्षेत्रगत रूपमा खासगरी कर्णाली अञ्चल र सुदूरपश्चिम क्षेत्रमा गरिबी अत्यधिक रहेको छ । त्यसका साथै दलित लगायत पिछडिएको बर्गमा समेत गरिबीको प्रतिशत उच्च रहेको बुझिएको छ ।<br><br>■ राजनीतिक दलहरूबीचमा सहमति हुन नसक्दा विगत दुई आर्थिक वर्षहरूमा नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रम र पूर्ण बजेटसमेत ल्याउन सकेन । जसको कारण देशको आर्थिक विकास र गरिबी निवारणमा गम्भीर असर परेको पाइन्छ ।<br><br>■ गरिब घटाउने प्रमुख सरोकारवालाको भूमिका निर्वाह गर्ने स्थानीय निकायको निर्वाचन नभएको १५ वर्ष अवधि पूरा हुँदा स्थानीय निकायहरू पूर्ण रूपमा जनप्रतिनिधिविहीन भएका हुँदा सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्ने एवम् सामाजिक आर्थिक विकास सन्तोषजनक रूपमा हुन सकेको छैन ।<br><br>■ देशमा व्याप्त भ्रष्ट्राचार आर्थिक सामाजिक विकासको निम्ति ठूलो चुनौतिको रूपमा रहेको छ । ट्रान्सपरेन्सी ईन्टरनेशनलको सन् २०१२ को प्रतिवेदनमा नेपाल १३९ स्थानमा रहेको भनी भ्रष्ट्राचार हुने मुलुकको अग्रपङ्क्तिमा रहेको उल्लेख छ । | |
| | | ■ अन्तर्राष्ट्रिय समुदाय खासगरी विकसित देशहरू र हरित ग्याँस उत्पन्न गर्ने मुलुलकहरूलाई सचेत गराउन सुरक्षित तहसम्म आउने गरी हरित ग्याँस उत्पन्न गर्न कम गर्ने, UNFCCC वा अन्य समूहमा रहेर कार्य गर्ने । | | |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | फिन्ल्याण्ड (परीक्षण गरिने) | ■ भुमीसम्बन्धी ऐनलाई समानताको आधारमा प्रभावकारी रूपमा लागू गर्न विशेष योजना तयार गर्ने । | ■ सरकारले सामन्तवादी भूस्वामित्वको अन्त्य गर्नको लागि आर्थिक तथा वैज्ञानिक भूमिसुधारसम्बन्धी नीति बनाउने प्रतिवद्धता जाहेर गरेको भए पनि त्यसको कार्यान्वयन हुन सकेको छैन । पटक पटक बनेका भुमि सुधार आयोग र सुकुम्बासी समस्या समाधान आयोगले प्रभावकारी रूपमा कार्य गर्न नसकेको कारण नागरिकहरूको भूमीसम्बन्धी अधिकार उपभोगको अवस्था सन्तोषजनक छैन । | |
| शिक्षाको अधिकार | हँगेरी, नर्वे, फिनल्याण्ड, स्लोभाकिया टर्की, (स्वीकार गरिएको) | ■ विद्यालयमा खाजा दिने योजना बढाउने र खाजाको लागि स्थानीय स्रोतलाई प्रयोग गर्ने ।<br><br>■ अनिवार्य र निःशुल्क प्राथमिक शिक्षालाई निरन्तर रूपमा उपभोग गर्न पाउने कार्यक्रमलाई निरन्तरता दिने ।<br><br>■ परिवारबाट टाढा रहेका बालबालिका, दलित बालबालिका, जनजाति बालबालिकालाई समान रूपमा गुणस्तर शिक्षाको पहुँच सुनिश्चित गर्ने ।<br><br>■ विद्यालयमा बालिकाहरूको भर्नालाई विशेष जोड दिने ।<br><br>■ सीमान्तकृत र विपन्न भएका कारणले जोखिममा परेका र समाजमा भएका सबै वर्गकालाई निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने । | ■ शिक्षा मन्त्रालयद्वारा केही जिल्लाहरूमा शिक्षाको लाीग खाद्यान्न कार्यक्रम सञ्चालन गर्दै आएको छ तर उक्त कार्यक्रमले सानो क्षेत्र मात्र समेटेको पाइन्छ ।<br><br>■ अनिवार्य र निःशुल्क प्राथमिक शिक्षालाई निरन्तर रूपमा उपभोग गर्न पाउने कार्यक्रमलाई निरन्तरता दिने सरकारी कार्यक्रम भएपनि सबै सामुदायिक विद्यालयहरूमा समेत निःशुल्क शिक्षा प्राप्त हुन नसकेको ।<br><br>■ परिवारबाट टाढा रहेका बालबालिका, दलित बालबालिका, जनजाति बालबालिकालाई समान रूपमा गुणस्तर शिक्षाको पहुँच पुग्न नसकेको पाइएको छ ।<br><br>■ नेपालले सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रम लागू गरेको छ । यसक्रममा विद्यालयका भर्ना हुने बालबालिकाको संख्यामा वृद्धि भई ९५.१ प्रतिशत पुगेको तथ्याङ्क छ । तथापि, स्कुल छाड्ने दरमा अपेक्षित सुधार आउन सकेको कारण विद्यालय पूरा गर्ने बालिकाको प्रतिशत न्यून देखिन्छ । दलित, जनजाति, अल्पसंख्यक जातिका बालबालिकाहरूको भर्ना दर केही न्यून देखिएको अवस्था छ । | ■ आयोगले यस सम्बन्धमा अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गर्दै आएको । |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ दलित बालबालिका, बालिका तथा जातीय अल्पसंख्यकहरूलाई शैक्षिक चक्र पूरा गर्न तथा शिक्षा पूरा भएपछि रोजगारीका सम्भावना सुनिश्चितता गर्न विशेष जोडदिने ।<br><br>■ शिक्षामा समान पहुँच दिन अभिभावक र स्थानीय निकायहरूको सहभागिता बढाउने । | ■ विद्यालयमा बालिकाहरूको भर्नालाई विशेष जोड दिने नीति नेपाल सरकारले लिएको छ । पछिल्ला समयमा बालिकाहरूको विद्यालयमा उपस्थिति उल्लेखनीय हुँदै गएको छ ।<br><br>■ नेपाल सरकारले सीमान्तकृत र विपन्न भएका कारणले जोखिममा परेका र समाजमा भएका सबै वर्गकालाई निःशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने नीति लिएको छ । तर सबैको लागि निःशुल्क शिक्षा व्यवहारतः लागू भएको छैन । विपन्न परिवारका बालबालिकाहरू अझैपनि विद्यालयजानबाट बञ्चित रहेका छन् ।<br><br>■ रोजगारीका सम्भावना सुनिश्चित गर्न दलित, पिछडिएका, जनजाति, अल्पसंख्यक जातिका महिलाहरूलाई समेत विशेष जोड दिने क्रममा निजामति सेवामा आरक्षणको व्यवस्था गरिएको छ । तर निजी क्षेत्रमायस सम्बन्धी नीतिको अभाव रहेको अवस्था छ । | |
| बालअधिकार | अल्जेरिया, स्लोभाकिया, इजिप्ट, फिलिपिन्स, अष्ट्रिया, अजरवैजान, भुटान, हँगेरी, स्पेन, पोल्याण्ड, माल्दिभ्स, क्यानाडा (स्वीकार गरिएको) | ■ बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न पर्याप्त स्रोत साधन उपलब्ध गराउने ।<br><br>■ बालबालिकाको मानव अधिकार संरक्षण गर्ने लक्ष्य अगाडि बढाउने ।<br><br>■ बालबालिकाको अधिकार संरक्षण गर्न वृहत प्रयास गर्ने ।<br><br>■ खासगरी द्वन्द्वबाट विस्थापित बालबालिकाको अधिकार संरक्षण तथा पुनःस्थापनाका लागि विभिन्न कार्यक्रमको ढाँचा तयार गर्ने र लागू गर्ने । | ■ बाल अधिकारसम्बन्धी नयाँ कानुनको मस्यौदा भएको भए पनि व्यवस्थापिकाको विघटन भएको हुँदा हालसम्म लागू हुन सकेको छैन ।<br><br>■ नेपाल सरकारले बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लागू गरेको छ, जसमा बालबालिकाको संरक्षण, सुरक्षा, विकास र सहभागिताका अधिकारहरूका निमत्त कार्यहरू गर्ने उल्लेख छ ।<br><br>■ निःशुल्क विद्यालय शिक्षा नीतिको बाबजुत कतिपय सरकारी विद्यालयहरूले विभिन्न नाममा विद्यार्थीहरूसँग शुल्क लिइरहेको, सरकारी विद्यालयहरूमा जवाफदेहिताको अभाव तथा स्रोत साधनको कमी एवम् परम्परागत अध्यापन प्रणाली जस्ता कारणबाट गुणस्तरीय शिक्षा प्राप्त गर्न नसक्ने कारणले निजी विद्यालयहरूको संख्या बढ्दै गएको छ । यसले गर्दा धनी र गरिबका लागि फरकफरक शिक्षाको अवसर सृजना भई विभेद बढ्दै गएको पाइन्छ । | ■ बालअधिकार सम्बन्धी विधेयकको मस्यौदामा गरिनुपर्ने संशोधनको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरिएको ।<br><br>■ बालअधिकार उल्लङ्घनका घटनाहरूमा अनुगमन तथा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गरिएको । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ नाबालक भनी अयोग्य ठहराइएका माओवादी सेनाका सदस्यहरूले पुनःस्थापनाका प्याकेजमा कुनै अवरोधबिना पहुँच पाउने कुरामा सुनिश्चित गर्नुका साथै राजनीतिक दलद्वारा बालबालिकालाई हिंसात्मक गतिविधिमा नल्याउने वा जबर्जस्ती त्यसमा सहभागी नगराउने कुरामा सुनिश्चित गर्ने । बालबालिकामाथि हुने कुनै प्रकारका हिंसा र बालबालिकालाई सेनामा भर्ना गर्ने कुरालाई कानुनद्वारा दण्डनीय बनाउने ।<br><br>■ क्याम्पमा रहेका बालसैनिकहरूलाई प्रभावकारी र जरुरी सामाजिक र शैक्षिक पुनःस्थापनाका कार्यहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।<br><br>■ बालअधिकार ऐन, १९९० कडाइकासाथ लागू गर्ने ।<br><br>■ बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ कडाइका साथ लागू गर्ने ।<br><br>■ बलश्रमको अनुगमन, रोकथाम, उद्दार र पुनःस्थापनाको निमित्त संरचनाहरूको स्थापना गर्ने र दोषीहरूलाई कारवाही गर्ने ।<br><br>■ सबै प्रकारका बालश्रमहरूको उन्मूलन गर्ने, आईएलओ महासन्धि १३८ बमोजिम १८ वर्षभन्दा कम उमेरका बालबालिका जोखिमयुक्त श्रममा संलग्न हुने छैनन् भन्ने कुराको सुनिश्चितता गर्ने । | ■ सबै बालबालिकाका लागि अनिवार्य शिक्षा कार्यक्रम लागू नै हुन नसक्दा अझै पनि ठूलो संख्यामा बालबालिकाहरू विद्यालय बाहिर रहेका पाइएको छ ।<br><br>■ बालबालिकामाथि हुने यौनशोषणका घटनाहरू सार्वजनिक भइरहेका छन् ।<br><br>■ नाबालक भनी तात्कालीन शिविरबाट हटाइएका तात्कालीन नेकपा माओवादीमा संलग्न ४००८ जना बालसैनिकहरूलाई यूनिसेफसमेतको सहयोगमा पुनःस्थापनाको प्याकेज उपलब्ध गराइएको पाइएको छ, जसमा व्यावसायिक तालिम, विद्यालय शिक्षा, स्वास्थ्य शिक्षा र साना उद्योग जस्ता कुराहरू समावेश छन् । तर उक्त प्याकेज प्रभवकारी र पर्याप्त नभएको भन्ने गुनासाहरू आइरहेका छन् । यसरी शिविरबाट हटाइएका पूर्व लडाकुहरूले विभिन्न समयमा आन्दोलनका कार्यक्रमहरू समेत गरेका पाइन्छ । सरकारले यसको उचित सम्बोधन र अनुगमन गर्न नसकेको पाइएको छ ।<br><br>■ राजनीतिक दलहरूले गर्ने जुलुस तथा प्रदर्शनहरूमा बालबालिकाहरूलाई सहभागी गराउँदै आएको पाइन्छ । यसरी सहभागी गराएको अवस्थामा प्रदर्शनकारी र प्रहरीबीचको दोहोरो झडप हुँदा बालबालिकाहरू घाइते भएको समेत पाइएको छ ।<br><br>■ यस्ता प्रदर्शनहरूमा हुने गैरकानुनी क्रियाकलाप एवम् बालबालिकाको प्रयोगलाई रोक्नेसम्बन्धी छुट्टै कानुनको अभाव रहेको छ ।<br><br>■ नेपालले ३ जनवरी, २००७ मासशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गरिसकेको छ । | ■ समाज कल्याण मन्त्रालयले मस्यौदा गरेको राष्ट्रिय बाल संरक्षण नीतिमा सुझाव पठाइएको । साथै विद्यालयमा बाल संरक्षण नीति लागू गर्न नेपाल सरकारलाई सिफारिस गरिएको ।<br><br>■ बालअधिकार कार्यान्वयन अवस्थाको वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको ।<br><br>■ बालअधिकार महासन्धि तथा त्यसको इच्छाधीन आलेखसम्बन्धी संयुक्त राष्ट्र सङ्घमा बुझाउनुपर्ने आवधिक प्रतिवेदनमा नेपाल सरकारलाई सुझाव दिइएको ।<br><br>■ आयोगको मिति २०६५/३/९ को निर्णय बाट ने.क.पा (माओवादी) का सैन्य शिविरमा रहेका बालसैन्यलाई विनाशर्त शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनर्मिलन लगायत उनीहरूको शिक्षा, तालिम, रोजगारलगायतको व्यवस्था मिलाउनका लागि नेपाल सरकारलाई सिफारिस गरिएको । |

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ बालबालिकामा हुने यौन दुर्व्यवहार, अन्य दुर्व्यवहार उन्मूलन गर्न कडा कदम चाल्ने ।<br><br>■ सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्ने ।<br><br>■ सशस्त्र द्वन्द्वमा बालबालिकाको संलग्नतासम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक सन्धिपत्रलाई अनुमोदन गर्ने ।<br><br>■ अन्तर्राष्ट्रिय श्रम सङ्गठनको १३८ अनुसार बँधुवा कामदारसहित सबै बालश्रमका रूपको उन्मूलन गर्ने ।<br><br>■ बालबालिका र बालकामदारका विरुद्ध हुने कुनैपनि प्रकारका हिंसा राष्ट्रिय कानुन अनुसार दण्डनीय हुने मानिने ।<br><br>■ बालबालिकासहितमा हुने भेदभाव अन्त्यका लागि आवश्यक कानुनी र नीतिगत प्रक्रिया अपनाउने ।<br><br>■ बाालअपराध सम्बन्धी कानुन अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पारित गर्ने, वालअपराध कानुन प्रणालीको ठीक तरिकाले काम गरेको सुनिश्चित गर्ने ।<br><br>■ बालअधिकारसम्बन्धी ऐन, शिक्षा नियमावली बाल संरक्षण नीति र बालगृहका न्यूनतम मापदण्डसहित समावेश भएको बाल नीति विधेयक छिटो पारित गर्ने र पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्ने । | ■ नेपाल सरकारले बाश्रमसम्बन्धी नीति जारी गरी सबै प्रकारका बालश्रमहरूको उन्मूलन गर्ने उद्देश्य राखेको छ तर व्यवहारमा त्यसको कार्यान्वयन नहुँदा बालबालिकाहरू जोखिमपूर्ण श्रम भनी परिभाषित गरिएका क्षेत्रहरूमा समेत काम गरिरहेको पाइएको छ ।<br><br>■ राष्ट्रिय बाल संरक्षण नीति मस्यौदा भैसकेको भएपनि लागू हुन सकेको छैन ।<br><br>■ बालगृह सञ्चालनसम्बन्धी निर्देशिका, २०६० जारी भई कार्यान्वयनमा आएको छ । | ■ विस्तृत शान्ति सम्झौताको कार्यान्वयन अवस्थाको अनुगमन गरी प्रतिवेदन प्रकाशित गरिएको छ, जसमा बालअधिकारको विषयलाई प्राथमिकता दिइएको छ ।<br><br>■ आयोगले राजनीतिक दलहरूले गर्ने प्रदर्शन र जुलुसहरूमा बालबालिकालाई सहभागी नगराउन आग्रह गरिएको भए पनि त्यसको समेत कार्यान्वयन गरिएको छैन ।<br><br>■ आयोगको मिति २०६०/८/९ को निर्णयबाट नेपाल सरकार अन्तर्गतका जङ्गी, निजामति, प्रहरीलगायतका अन्य निकायहरू र नेपाल सरकारको रकमबाट तलब खाने अन्य कर्मचारी तथा पदाधिकारीहरूले समेत बालबालिकाका अधिकार हनन् हुने गरी कुनै पनि काम नर्गन र त्यस्ता अधिकारहरूको संरक्षण गर्नका लागि अविलम्व निर्देशन जारी गर्नका साथै त्यस्तो व्यवस्थाको जनस्तरसम्म पुग्नेगरी प्रचार प्रसार गर्न श्री ५ को सरकारलाई सिफारिस गरिएकोमा नेपाल सरकारले मिति ..मा सो बमोजिमको व्यवस्था मिलाउन निर्देशन जारी गरेको पाइएको छ । |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | थाइल्याण्ड (परीक्षण गरिने) | शरणार्थी र तिनका परिवारका बालबालिकाहरूले बिना भेदभाव स्वास्थ्य, शिक्षा र जन्म दर्ता गर्न पाउने कुरा सुनिश्चित गर्ने । | | |
| अपाङ्गता भएका व्यक्तिको अधिकार तथा जोखिममा रहेका व्यक्तिहरूको अधिकार | क्युवा, चिली (स्वीकार गरिएको) | ■ सीमान्तकृत तथा जोखिममा रहेका समुदायलाई, वृद्ध र अपाङ्ग भएका व्यक्तिको अधिकार संरक्षण गर्न वृहत प्रयास गर्ने ।<br><br>■ अपाङ्ग व्यक्ति विरुद्ध हुने विभेद हटाउन राष्ट्रिय कार्य योजना लागू गर्ने ।<br><br>■ बिना भेदभाव अपाङ्गता भएका व्यक्ति तथा महिला तथा बालबालिकाको अधिकार सुनिश्चित गर्ने । | ■ ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६८ जारी भई कार्यान्वयनमा आएको छ । ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक यातायातमा पचास प्रतिशत सहुलियत प्रदान गर्ने कुरा ऐनमा उल्लेख भए पनि त्यसको अझै कार्यान्वयन भएको छैन । सरकारी अस्पतालहरूले भने ऐन बमोजिम स्वास्थ्य उपचारमा पचास प्रतिशत सहुलियत दिन थालेका छन् ।<br><br>■ मानसिक रूपमा अस्वस्थ्य भएका व्यक्तिहरूको मर्यादा र संरक्षणको सम्बन्धमा राज्यले पर्याप्त ध्यान नदिएको पाइएको छ । मानसिक रूपमा अस्वस्थ व्यक्तिहरूलाई कारागारमा समेत राखेको पाइएको छ । विशेषगरी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा रहेको कारागारमा मानसिक रूपमा अस्वस्थ व्यक्तिहरूलाई पर्याप्त उपचारको व्यवस्थासमेत नगरी थुनामा राखेको पाइएको छ ।<br><br>■ अपाङ्गता भएका व्यक्तिहरूका लागि समेत अधिकार उपभोग गर्न पाउने कुरामा सरकारले सकारात्मक विभेदक नीति लिई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएको उल्लेख गरिएपनि सबै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको बिना भेदभाव अधिकारप्राप्तिको अवस्था बनिनसकेको अवस्था देखिन्छ ।<br><br>■ यस सम्बन्धमा राष्ट्रिय कार्ययोजना तयार भइरहेको बुझिएको । | ■ त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को पुनरावलोकन गरी उक्त नियममा अपाङ्गमैत्री नभएका शब्दहरू हटाई अपाङ्गमैत्री शब्दहरू राख्नको निमित्त नेपाल सरकारलाई सिफारिस गरिएको ।<br><br>■ भौतिक संरचनाको निर्माण गर्दा अपाङ्गमैत्री हुने किसिमले निर्माण गर्न नेपाल सरकारलाई सिफारिस गरिएको । |
| | न्यूजिल्यण्ड (परीक्षण गरिने) | | ■ यस सम्बन्धमा नेपाल सरकारले रोजगारमूलक तथा व्यावसायिक तालिममा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने कार्यक्रम रहेको जनाएपनि सो सम्बन्धमा कार्य भएको जानकारी प्राप्त भएको छैन । | |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| राष्ट्रिय मानव अधिकार आयोग | क्यानाडा, फ्रान्स, नर्वे, भारत, फ्रान्स, गणतन्त्र कोरिया (स्वीकार गरिएको) | ■ राष्ट्रिय मानव अधिकार आयोगको पूर्वाधारलाई सुदृढ पार्ने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगलाई "क" स्थानमा राख्न सबल बनाउने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास, स्वतन्त्रता तथा स्वायत्तता र सिफारिस कार्यान्वयनका लागि आवश्यक कदमहरू चाल्ने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगको अभियोजन र विभागीय कारवाहीसँग सम्बन्धित सबै सिफारिसहरूको कार्यान्वयन गर्ने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगलाई (क) वर्गमा कायम राख्न सवलीकरण गर्ने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोग पेरिस सिद्धान्त अनुरूप भएको सुनिश्चित गर्ने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगलाई एक स्वतन्त्र संस्था बनाउन पहल गर्ने र आवश्यक स्रोत जुटाउने ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगलाई आफ्नो दायित्व पूरा गर्न पर्याप्त बजेट र स्वतन्त्रता प्रदान गर्ने । | ■ आयोगको पूर्वाधारलाई सुदृढ पार्ने कार्यलाई प्रभावकारी रूपमा नेपाल सरकारबाट कार्यान्वयन गर्न नसकेको अवस्था छ । आयोग सुदृढ हुने वा बनाइने प्रमुख आधार पेरिस सिद्धान्तको पूर्ण रूपमा लागू गराउन सरकारले आयोगसँग मिलेर कार्य गर्नुपर्ने आवश्यकता देखिन्छ ।<br>■ नेपाल सरकारका प्रधानमन्त्री र सरकारले संयुक्त राष्ट्रसङ्घको सभा तथा आयोगबाट आयोजित कार्यक्रमहरूमा सहभागी भई सम्बोधन गर्ने क्रममा आयोगलाई उच्च स्थानमा राख्ने प्रतिवद्धता पटकपटक गरिएको भएपनि व्यवहारतः त्यसको कार्यान्वयन हुन नसकेको । वि.सं. २०६८ मा जारी गरिएको ऐनमा आयोगको स्वायत्तता, स्वतन्त्रतालाई सङ्कुचित गर्ने प्रयास गरिएको । पेरिस सिद्धान्तलाई व्यवहारतः सरकारबाट पूर्ण रूपमा पालना नगरिएको । आयोगले गरेका अधिकांश सिफारिस कार्यान्वयन नभएको, साथै आयोगलाई थप सबल बनाउनका लागि गरिनुपर्ने आधारभूत कार्यहरूको सुरुवात भएको जानकारी आयोगमा प्राप्त नभएको ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगबाट अनुसन्धान भई मानव अधिकार हननमा संलग्न ठहर भएका व्यक्तिहरूलाई अभियोजन गर्न तथा विभागीय कारवाहीका लागि गरिएका सिफारिसहरूको कार्यान्वयन नभएको । | ■ आयोगले यस सम्बन्धमा नेपाल सरकार र सुरक्षा निकाय तथा राजनीतिक दलहरूलाई पटकपटक सचेत गराउँदै आएको ।<br>■ पेरिस सिद्धान्त बमोजिम आयोग ऐन ल्याउनलाई पटकपटक प्रयास गरेको । यस सम्बन्धी विधेयकको अध्ययन गरी सुधार गर्नुपर्ने विषयमा नेपाल सरकार र व्यवस्थापिका संसदलाई सिफारिस गर्नुका साथै सम्बन्धित सरोकारवालाहरूसँग बैठक तथा अन्तरक्रिया गर्नुका साथै नागरिक समाजसँग सहकार्य गरिएको । |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | | ■ राष्ट्रिय मानव अधिकार ऐन, २०६८ पारित भई लागू भएको छ। उक्त ऐनले आयोगलाई पेरिस सिद्धान्तले व्यवस्था गरेका बमोजिमका महत्वपूर्ण अधिकारहरू दिए पनि आयोगको पूर्ण स्वायत्त र स्वतन्त्रतासम्बन्धी व्यवस्थाहरू समावेश हुन नसकेको पाइएकाले त्यसमा सुधार गर्नु आवश्यक देखिएको छ। ऐनले अनुसन्धान र अनुगमन कार्यमा मात्र आयोग स्वायत्त र स्वतन्त्र हुने उल्लेख गरेको छ। पेरिस सिद्धान्त बमोजिम आयोगले सहज रूपमा आर्थिक स्वतन्त्रता प्राप्त गरी आफ्ना कर्मचारी तथा भवनलगायतको व्यवस्था आफैं गर्न सक्ने व्यवस्था राख्नुपर्नेमा आयोगका कर्मचारीसम्बन्धी पूर्ववर्ती ऐनका प्रावधानसमेत हटाएकोले आयोगको दैनिक कार्यसञ्चालनमा वाधा पर्न गएको अवस्था छ। दातृ निकायबाट सहयोग लिँदा अनिवार्य रूपमा सरकारको स्वीकृति लिनुपर्ने, नयाँ कार्यालयहरू खोल्ने तथा साङ्गठनिक संरचनामा सकारकारको स्वीकृति चाहिने जस्ता व्यवस्थाहरूले आयोगको स्वन्त्रतालाई सङ्कुचित बनाउन खोजेको देखिन्छ। यसैगरी आयोगको सिफारिसमा मुद्दा चलाउने वा नचलाउने भनी महान्यायाधिवक्ताले निर्णय गर्ने भन्ने व्यवस्थालाई सर्वोच्च अदालतले खारेज गरेको छ। | |
| मानव अधिकारका राष्ट्रिय संस्थाहरू | इजिप्ट, बोलिभिया, स्लोभेनिया (स्वीकार गरिएको) | ■ मानव अधिकारका संरचनाहरूलाई एकीकृत गर्ने।<br><br>■ प्रभावकारी स्रोतद्वारा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको काम अघि बढाउने।<br><br>■ आफ्नो उद्देश्य प्रभावकारी रूपमा प्राप्तिका लागि राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगलाई आवश्यक स्रोत उपलब्ध गराउने। | ■ उपलब्ध श्रोत र साधनको आधारमा राष्ट्रिय महिला आयोग र दलित आयोगलाई सवलीकरण गर्दै आएको नेपाल सरकारको भनाइ रहेको।<br><br>■ राष्ट्रिय महिला आयोग र दलित आयोगलाई नियमित रूपमा पर्याप्त स्रोत र साधनहरू उपलब्ध गराउँदै आएको नेपाल सरकारको भनाइ रहेको। | ■ राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग सहकार्य गर्ने गरिएको। यसैक्रममा विश्वव्यापी आवधिक पुनरावलोकन प्रतिवेदन संयुक्त रूपमा तयार गरी पठाइएको। |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| मानव अधिकार रक्षक | चेक रिपब्लिक (स्वीकार गरिएको) | ■ पत्रकारसहित मानव अधिकार रक्षकहरूको सुरक्षा सुनिश्चित गर्न खास कदम चाल्ने । | ■ धेरै श्रमजीवि पत्रकारहरूले आफ्नो पारिश्रमिक समेत प्राप्त गर्न नसकेको अवस्था छ।<br>■ राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारी दयाराम परियारको हत्या गर्ने प्रहरी अधिकारीलाई समेत अझैसम्म पनि कारवाही नभएको अवस्था छ।<br>■ नेपाल सरकारले मानव अधिकार रक्षकहरूका लागि थप संरक्षण सुनिश्चित गर्न विशेष कार्यक्रम अबलम्बन गर्ने प्रतिबद्धता व्यक्त गरेको भएपनि सो कार्य हुन सकेको छैन। | ■ आयोगले मानव अधिकार रक्षकको सुरक्षासमेतलाई ध्यानमा राखी मानव अधिकार रक्षकहरूसम्बन्धी निर्देशिका, २०६९ जारी गरेको छ।<br>■ नेपाल पत्रकार महासङ्घ र पत्रकारहरूको अन्तर्राष्ट्रिय मिसनसँग पत्रकारहरूको सुरक्षार्थ कस्तो संयन्त्र निर्माण गर्न सकिन्छ भन्ने विषयमा छलफल गरिरहेको।<br>■ पत्रकार तथा मानव अधिकार रक्षकहरू विरुद्ध हुने हिंसाका घटनाहरूमा आयोगले तत्काल अनुगमन तथा अनुसन्धान गरी यस्तो कार्य नदोहोऱ्याउन नेपाल सरकारलाई सिफारिस तथा प्रेश विज्ञप्तिमार्फत् अग्रह गर्ने गरिएको।<br>■ महिला लगायतका सबै मानव अधिकार रक्षकको सुरक्षाको लागि वकालत गर्दै आएको छ। |

क्रमसः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | नर्वे, फ्रान्स, संयुक्त राज्य अमेरिका (परीक्षण गरिने) | ■ पत्रकार, महिला, मानव अधिकारकर्मी लगायत मानव अधिकार रक्षकहरू विरुद्ध भएका हिंसाको प्रभावकारी अनुसन्धान गर्ने र अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम दोषीलाई कानुनी दायरामा ल्याउने । | ■ मानव अधिकार रक्षक र पत्रकारहरूको सुरक्षाका लागि नेपाल सरकारले विशेष कार्यक्रमहरूको निर्माण गरी लागू गर्ने प्रतिबद्धता जनाएपनि हालसम्म त्यसको कार्यान्वयन भएको पाइएको छैन । पत्रकारहरूमाथि राजनीतिक दलका कार्यकर्ताहरूले आक्रमण गर्दापनि राजनीतिक दलको संरक्षण प्राप्त हुँदा दोषीउपर कुनै कारवाही हुन नसकेको अवस्था छ । अहिलेसम्म पनि उल्लङघनका घटनाहरूको प्रभावकारी अनुसन्धान गर्ने संयन्त्रको विकास भएको छैन । | |
| आन्तरिक विस्थापित र शरणार्थी | अष्ट्रिया, गणतन्त्र कोरिया (स्वीकार गरिएको) | ■ आन्तरिक विस्थापित व्यक्तिको फिर्ता, पुनःस्थापना आदिका लागि अनुगमन प्रणाली स्थापना गर्ने ।<br><br>■ आन्तरिक रूपमा विस्थापितहरूको सूचीकरण गर्ने, पुनःग्रहण, परिचय तथा सुरक्षा र सम्मानका लागि अनुगमन संयन्त्र स्थापित गर्ने । | ■ आन्तरिक विस्थापितहरूको फिर्ती, पुनःसमायोजन, पुनःस्थापना लगायतका कार्यहरू गर्नका लागि सरकारले आन्तरिक विस्थापितसम्बन्धी नीति, २०६३ ल्याएको छ । यसका साथै नागरिक राहत निर्देशिका पनि जारी गरेको छ । शान्ति समिति गठन गरी सो समितिमार्फत् पनि यस सम्बन्धमा कार्य गर्दै आएको छ । तर अझैपनि आन्तरिक विस्थापित व्यक्तिहरू फिर्ता हुने, पुनःस्थापना हुने लगायतका कार्य पूर्ण रूपमा भएको छैन । पुनःस्थापनाकोलागि राहत प्याकेज ल्याई राहत तथा बाटो खर्चसमेत दिइएको सहुलियत व्याज दरमा ऋण दिइएको । पुनःस्थापना गराउने प्रयास जारी रहेको र क्षतिपूर्तिसमेत उपलब्ध गराइएको । | ■ यस सम्बन्धी घटनाहरूमा अनुगमन तथा अनुसन्धान गरी क्षतिपूर्ति राहत तथा पुनःस्थापनाकालागि नेपाल सरकारसमक्ष सिफारिस गरिने कार्य जारी रहेको । |
| अन्तर्राष्ट्रिय संयन्त्रसँग सहकार्य | फिलिपिन्स, जापान, म्यानमार, नर्वे, लाओस, फ्रान्स (स्वीकार गरिएको) | ■ विभिन्न सन्धिजनित निकायहरूका सुझावहरूलाई कार्यान्वयन गर्न थप कार्यहरू गर्ने ।<br><br>■ विकासका योजनाहरूको कार्यान्वयन र मानव अधिकार सम्वर्द्धनका लागि क्षमता विकास र प्राविधिक सहयोग लिने कुरालाई निरन्तरता दिने । | ■ नेपाल सरकार प्रमुख नौवटा महासन्धिहरूमध्ये सातवटा महासन्धिसहित विभिन्न २४ वटा संयुक्त राष्ट्रसङ्घीय महासन्धि तथा आलेखहरूको पक्ष राष्ट्र भइसकेको छ ।<br><br>■ संयुक्त राष्ट्रसङ्घीय समितिहरूले गरेका सिफारिसहरू सन्तोषजनक रूपमा कार्यान्वयन भएका छैनन् । | ■ आयोगले मानव अधिकार संरक्षणार्थ Association of Prevention of Torture र Asia Pacific Forum र OHCHR सँग सहकार्य गर्दै आएको । |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ हालको अवस्थाको विकासका चुनौतीहरूको सामना गर्ने नेपालको आन्तरिक क्षमता अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय समुदायलाई सहयोगका लागि आग्रह गर्ने ।<br><br>■ मानव अधिकारलाई मजबुत बनाउन संयुक्त राष्ट्रसङ्घ लगायतका संस्थाहरूसँग निरन्तर सहकार्य गर्ने ।<br><br>■ यु.पी.आर.लाई कार्यान्वयन गर्ने सहभागिता मूलक प्रक्रिया चलाउने ।<br><br>■ मानव अधिकारलाई सबल बनाउन संयुक्त राष्ट्रसङ्घका स्थानीय कार्यालयहरू विशेषतः संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयसँग नजिकमा रही कार्य गर्ने । | ■ मानव अधिकार मजबुत बनाउने क्रममा सिफारिसमा उल्लेख भएबमोजिमको प्रयास जारी राखेको ।<br><br>■ विश्वव्यापी आवधिक पुनरावलोकनको कार्यान्वयनका लागि सहभागितामूलक संयन्त्रको स्थापना गर्ने कार्य अन्तर्गत कार्ययोजना बनाई लागू गरेको अवस्था छ । तर विश्वव्यापी आवधिक पुनरावलोकनका सिफारिसहरू सन्तोषजनक कार्यान्वयन भएको अवस्था छैन ।<br><br>■ नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय अन्य निकायहरूसँग निकट र सुमधुर सम्बन्धमा रहेर कार्य गर्दै आएको बुझिएको छ ।<br><br>■ संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालय नेपालमा रहँदा (सन् २००५ देखि २०११) सम्म मानव अधिकार उल्लङ्घन सम्बन्धी द्वन्द्वकालका घटनाहरूको छानविन, मानव अधिकार सचेतना र संस्थागत क्षमता अभिवृद्धिमा योगदान पुऱ्याएको तथा हाल पनि उक्त संस्थासँग निकट र सुमधुर सम्बन्ध रहेको नेपाल सरकारको भनाइ रहेको पाइन्छ । | ■ स्थानीय OHCHR सँग कार्य गर्दै आइरहेकोमा उक्त कार्यालय डिसेम्बर २०१२ मा बन्द भएपछि पनि समन्वयमा कार्य भइरहेको । |
| अन्तर्राष्ट्रिय संयन्त्रसँग सहकार्य | | ■ सन्धिसम्बन्धी साझा मुख्य दस्तावेजहरू तयार गर्न संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यलयसँग मिलेर काम गर्ने ।<br><br>■ मानव अधिकार संरक्षण र विकासका राम्रा उदाहरणहरू अन्य देशहरूलाई पनि जानकारी दिने । | ■ यस्ता मुख्य दस्तावेजहरू तयार गर्ने क्रममा सरकारले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयसँग सहकार्यमा काम गर्दै आएको उल्लेख गरेको छ । सरकारले नयाँ कार्यविधिका प्रभावहरूको सम्बन्धमा सक्रियताका साथ अध्ययन गरी उपयुक्त निर्णय लिने उल्लेख गरेपनि सो कार्य भएको अवस्था छैन । | |

क्रमशः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | स्पेन, माल्दिभ्स, चिली, ब्राजिल (परीक्षण गरिने) | ■ सबै विशेष कार्यादेशवाहकहरूलाई स्थायी निमन्त्रणा दिने ।<br><br>■ संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यादेशवाहकहरूलाई स्थायी निमन्त्रणा दिने ।<br><br>■ मानव अधिकार सम्बन्धी विशेष कार्यादेश बाहकहरूसँगको आफ्नो सहकार्यलाई सुदृढ पार्नुका साथै स्थायी निमन्त्रणा जारी गर्ने कुरामा विचार गर्ने ।<br><br>■ मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष कार्यादेशबाहकहरूले देशको भ्रमण गरी सरकारलाई मानव अधिकारमा सुधार गर्ने कार्यमा सहयोग पुऱ्याउन सकुन् भनेर उनीहरूलाई स्थायी निमन्त्रणा पठाउने ।<br><br>■ जिम्मेवारहरूलाई अभियोजन गर्न गैरन्यायिक तथा स्वेच्छाचारी हत्याका सबै आरोपीहरूको निष्पक्षरूपले अनुसन्धान गर्ने तथा गैरन्यायिक, गैरकानुनी वा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष प्रतिवेदक तथा बलपूर्वक वा अनैच्छिक रूपले बेपत्ता पार्ने कार्यसम्बन्धी कार्यसमूहद्वारा भ्रमणका लागि गरिएको अनुरोध स्वीकार गर्ने । | ■ नेपालले कैयौं विशेष कार्यदेशवाहक धेरै समाधीक्षकहरू समेतका भ्रमणलाई स्वागत गरिसकेको, नेपालले मुद्दाका आधारमा उपयुक्त समयमा कार्यादेशवाहकलाई निमन्त्रणा दिन सक्ने भन्दै कार्यदेश वाहकका भ्रमणको बारेमा तत्काल जवाफ दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एउटा संयन्त्र स्थापना गर्ने उल्लेख गरेको भएपनि सो बमोजिमको कार्य भएको नपाइएको । | |

क्रमसः ...

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ महासन्धिका निकायहरूमा पठाउनुपर्ने प्रतिवेदनको भारलाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयसँग मिलेर महासन्धिका विषयहरूमा साझा दस्तावेज बनाउने । | | |
| सन्धिहरूको अनुमोदन तथा हस्ताक्षर | कार्यान्वयन प्रक्रियामा | ■ सशस्त्र द्वन्द्वमा बालबालिकाहरूको संलग्नता सम्बन्धी व्यवस्था भएको बालअधिकार सम्बन्धी महासन्धिको स्वेच्छिक आलेख अनुमोदन गर्ने । | ■ यस प्रोटोकलको नेपाल पक्षराष्ट्र भइसकेको पाइयो । | ■ प्रोटोकलको अनुमोदनपछि आयोगबाट अनुगमन कार्यको सुरुवात गरिएको । |
| सन्धिहरूको अनुमोदन तथा हस्ताक्षर | जर्मनी (परीक्षण गरिने) | ■ रोमविधान अनुमोदन गर्ने । | ■ यस सम्बन्धमा पुनःस्थापित प्रतिनिधिसभाले नेपाल सरकारलाई तत्काल यो विधान अनुमोदन गर्न निर्देशन दिएको छ । तर दण्डसंहिता विधेयक, फौजदारी कार्यविधि संहिता विधेयक लगायतका विधेयकहरूले कानुनी रूप प्राप्त गरेपछि मात्र रोम विधानमा हस्ताक्षर गर्ने पूर्वाधार तयार हुने र त्यसपछि मात्र रोम विधान अनुमोदन गर्ने नेपाल सरकारको भनाइ रहेको देखिन्छ । तर पनि यसका लागि नेपाल सरकारबाट पर्याप्त मात्रामा गृहकार्य भएको नपाइएको । | ■ आयोगबाट रोम विधान अनुमोदनका लागि नेपाल सरकारलाई सिफारिस गरी पठाइएको भएपनि राजनीतिक दलहरू र नेपाल सरकारको तत्परताको अभावमा अनुमोदन हुन नसकेको । |
| मानव अधिकार राष्ट्रिय कार्यायोजना | चीन, रुस, इजिप्ट (स्वीकार गरिएको) | ■ मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख गरिएका प्रावधानहरू (महिला विरुद्धको भेदभाव र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार)लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | | |

क्रमसः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| | | ■ मानव अधिकारसम्बन्धी महासन्धिका व्यवस्थाहरूको कार्यान्वयन गर्न मानव अधिकार राष्ट्रिय कार्ययोजनाको पूर्ण रूपमा कार्यान्वयन गर्ने ।<br><br>■ मानव अधिकार कार्ययोजना कार्यान्वयन गर्न कार्यक्रमहरू तर्जुमा गर्ने । | ■ मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्माण भएको छ । नेपाल सरकारले पाँच वर्षे लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना बनाएको छ । मानव अधिकार राष्ट्रिय कार्ययोजनाको महिला, बालबालिका तथा समाजकल्याण अन्तर्गत महिलाहरूको लागि महिलासम्बन्धी कानुनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुधार गर्ने, लैङ्गिक विभेदको अन्त्य गर्ने तथा महिलाहरूको हकहित र मानव अधिकार संरक्षण गर्ने एवम् अपाङ्गता भएका व्यक्तिहरूको मौलिक स्वतन्त्रताको संरक्षण र प्रवर्द्धन गर्ने, प्राकृतिक तथा आर्थिक स्रोतमाथि अत्यधिक पहुँच पुऱ्याउने तथा सामाजिक सुरक्षा र मानव अधिकारको सुनिश्चित गर्ने उद्देश्य राखेको पाइन्छ । तर सरकारको प्रतिबद्धता र कार्यसमूहको सिफारिसमा उल्लेख भए बमोजिम पूर्ण कार्यान्वयनको अवस्था नरहेको ।<br><br>■ सरकारले मानव अधिकार राष्ट्रिय कार्ययोजना लागू गरेको भएपनि तेस्रो कार्ययोजनाको अन्त्यतिर आइपुग्दा त्यसलाई कार्यान्वयन गर्ने केन्द्रीय, क्षेत्रीय तथा स्थानीय निकायहरूयस सम्बन्धमा अनभिज्ञ रहेको पाइएकाले यसको कार्यान्वयनको अवस्था अत्यन्तै फितलो रहेको देखिन्छ । यसको अनुगमन प्रणाली निष्प्रभावी रहेको पाइएको छ ।<br><br>■ आ. व. २०७०/०७१ देखि लागू हुने नयाँ राष्ट्रिय मानव अधिकार कार्ययोजना निर्माणका लागि सरकारले सरोकारवालाहरू समेतलाई सहभागी गराई विद्यमान मानव अधिकारसम्बन्धी समस्याहरूको सम्बोधन हुने किसिमको मानव अधिकार कार्ययोजना निर्माण गरी लागू गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि कार्यान्वयन गर्ने निकायहरूको क्षमतामा अभिवृद्धि गर्नकालागि व्यापक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता छ । | ■ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको लागू भए, नभएको सम्बन्धमा आयोगबाट अनुगमन गर्ने कार्य हुँदै आएको । अनुगमनबाट कार्ययोजनाको सम्बन्धमा जिल्ला तहमा कार्ययोजना लागू गर्नुपर्ने निकायहरूमा यसबारेका आवश्यक सूचना र जानकारीहरू नभएको पाइएको थियो । |

क्रमशः ...

*क्रमशः ...*

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| बाल अधिकार राष्ट्रिय कार्यायोजना/ | | ■ बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना (२००५–२०१५) कार्यान्वयनका लागि पर्याप्त स्रोत साधन छुट्टयाउने र छुट्टयाइएको स्रोत साधनलाई सुदृढ बनाउने । | ■ पर्याप्त श्रोत साधनको अभावमा बालबालिका सम्बन्धी राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन नसकेको । | |
| मानव अधिकार शिक्षा | साउदी अरेविया (स्वीकार गरिएको) | ■ सरकारका कार्यक्रम तथा नीतिहरू बनाउँदा सम्पूर्ण क्षेत्रमा मानव अधिकारलाई सुदृढीकरण गर्ने कार्यलाई निरन्तरता दिई देशभरका विद्यालय कार्यक्रमहरूमा मानव अधिकार शिक्षाको समावेशीकरणलाई सुनिश्चितता गर्ने । | ■ सरकारले कार्यक्रम तथा नीतिहरू निर्माण गर्दा केही हदसम्म मानव अधिकारका विषयवस्तुहरूलाई समाविष्ट गर्ने गरेको छ । यद्यपि, त्यसमा थप कार्य हुन जरुरी छ । देशभरका सामुदायिक विद्यालयहरूमा मानव अधिकार शिक्षाको सुरुवात भएको छ । पाठ्यक्रममा मानव अधिकार तथा बाल अधिकारका विषयहरू समावेश हुन थालेका छन् । तर निजी विद्यालयहरूमा यस विषयमा कार्य हुनु जरुरी देखिएको छ । | ■ सरकारले  नीति तथा कार्यक्रम निर्माण गर्दा आयोगले आफ्नोतर्फबाट सल्लाह र सुझाव दिँदै आएको छ । विद्यालयमा मानव अधिकारको पाठ्यक्रम समावेश गर्न आयोगले गरेको सिफारिसपछि विशेषतः निमाविस्तरदेखि विद्यालयका पाठ्यक्रममा मानव अधिकार शिक्षाको औपचारिक अध्ययन सुरुभएको छ । |
| न्याय प्रशासन | संयुक्त राज्य अमेरिका (स्वीकार गरिएको) | ■ न्यायिक निकायहरूका सबै तहमा निर्णय हुन बाँकी रहेका मुद्दाहरूलाई निप्टारा गर्न संयन्त्रहरूको स्थापना गर्ने । | ■ न्यायिक निकायमा दर्ता भई निर्णय हुन बाँकी रहेका मुद्दाहरूलाई समयमा नै टुङ्ग्याउने उद्देश्यले सर्वोच्च अदालतले रणनीतिक योजना बनाई कार्य गर्दै आएको पाइएको छ । मुद्दाहरूलाई विषयगत रूपमा विभाजन गरी सोही बमोजिम छिटो निर्णय गर्ने कार्ययोजना बनाई कार्य गर्दै आएको छ ।<br><br>■ तर लामो समयसम्म सर्वोच्च, पुनरावेदन तथा जिल्ला अदालतहरूमा रिक्त रहेका न्यायाधीशहरू नियुक्त हुन नसक्दा नागरिकहरूको समयमा नै न्याय पाउने अधिकारको सम्मान हुन सकेको छैन । | ■ आयोगले न्यायप्रशासन विषयको इकाई स्थापना गरी सो इकाईमार्फत् छिटो छरितो न्याय प्राप्तिका लागि आफ्नो सहभागिता निरन्तर जारी राखेको छ । |

*क्रमशः ...*

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| स्वतन्त्रताको अधिकार | क्यानाडा (स्वीकार गरिएको) | स्वतन्त्रतापूर्वक सङ्गठित हुने र भेला हुने अधिकारको सुनिश्चितता गर्ने र शान्तिपूर्ण विरोधमा सबै प्रतिवन्धहरू हटाउने । | ■ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ ले विचार र अभिव्यक्तिको स्वतन्त्रता, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनैतिक दल खोल्ने स्वतन्त्रता,सङ्घ र संस्था खोल्ने स्वतन्त्रता,नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता, कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रतालाई मौलिक हकको रूपमा उल्लेख गरेको छ ।<br><br>■ शान्तिपूर्वक भेला हुने अधिकारको दुरूपयोग गर्दै दलहरू र तिनका भातृ सङ्गठनहरूले बलपूर्वक बन्द हड्ताल गराउने, तोडफोड गर्ने र बन्द अवज्ञा गर्नेहरू विरुद्ध दुर्व्यवहार गर्ने जस्ता कार्यहरू गरिरहेको पाइन्छ । कतिपय अवस्थामा सरकारबाट शान्तिपूर्वक भएका प्रदर्शनहरूमा समेत अत्यधिक बल प्रयोग गरेको पाइन्छ । | ■ आयोगबाट शान्तिपूर्वक भेला हुन र विरोध गर्न पाउने अधिकारको अनुगमन गर्दै सम्बन्धित पक्षहरूलाई मानव अधिकारको सम्मान गर्न सुझावहरू दिँदै आएको छ । |
| मानव अधिकार संरक्षण सम्बर्द्धन तथा स्वतन्त्रताको अधिकार | श्रीलङ्का, भियतनाम (स्वीकार गरिएको) | ■ मानव अधिकार र स्वतन्त्रताहरूको संरक्षण र सम्वर्द्धनका लागि बहुआयामिक सम्पर्याप्त प्रयासहरूलाई थप गतिसहित निरन्तरता दिने ।<br><br>■ सभा सम्मेलन गर्न पाउने अधिकारको प्रत्याभूति सुनिश्चित गर्ने, त्यसलाई प्रतिबन्ध लगाउने सबै प्रतिबन्धहरू हटाउने ।<br><br>■ राजनीतिक परिवर्तनको क्रममा सकारात्क रूपमा आत्मसात गरिएका मानव अधिकारका विषयहरूलाई एकीकृत गर्ने । | ■ सामान्यतः नेपाल सरकारले सभासम्मेलन गर्न पाउने अधिकारमा हस्तक्षेप गरेको छैन । विशेषतः प्रदर्शनीहरू गर्नका लागि केही निश्चित सार्वजनिक स्थलहरूमा निषेध गरेको अवस्था छ । यद्यपि, कतिपय प्रदर्शनीहरूमा अत्यधिक बल प्रयोगका घटनाहरू हुने गरेका छन् ।<br><br>■ नेपालमा तीब्र गतिमा भइरहेको राजनीतिक परिवर्तनको क्रममा विभिन्न नागरिक तथा राजनीतिक अधिकारहरू र आर्थिक सामाजिक, साँस्कृतिक अधिकारहरूलाई आत्मसात गर्रिदै आएको पाइन्छ । उदाहरणका निमित्त बहुदलीय प्रजातान्त्रिक व्यवस्था, मताधिकार, स्तन्त्रता तथा सुरक्षाको अधिकार, महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका विषयहरू लगायत खाद्य, रोजगारी तथा सामाजिक सुरक्षाको अधिकार तथा समानता र समावेशिता लगायतका विषयहरूलाई मौलिक हकको रूपमा नेपालको अन्तरिम संविधानमा समावेश गरिएको छ । | ■ सभा सम्मेलन गर्न पाउने अधिकारको उपभोगका लागि आयोगले सधैं वकालत गर्ने एवम् यस्ता घटनाहरू हुनसक्ने आशंका भएका घटनाहरूमा अनुगमन र अत्यधिक बल प्रयोग भएका घटनाहरूमा अनुसन्धान गरी यस्ता कार्यहरूका पीडितलाई राहत तथा क्षतिपूर्ति र दोषीलाई कारवाहीको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्दै आएको । |

क्रमशः ...

# स्वीकार नगरिएका निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयन अवस्था

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| सन्धिहरूको अनुमोदन तथा हस्ताक्षर तथा कार्यान्वयन | न्यूजिल्याण्ड, स्वीट्जरल्याण्ड, चिली, माल्दिभ्स, स्पेन, स्वीडेन, अर्जेन्टिना, अल्जेरिया, माल्डोभा, स्लोभेनिया, नेदरल्याण्ड, जापान, ब्राजिल, अष्ट्रिया | ■ ययातना विरुद्धको महासन्धिको स्वेच्छिक आलेख अनुमोदन गर्ने ।<br><br>■ बबलपूर्वक वेपत्ता पार्ने कार्य विरुद्धको महासन्धि, शरणार्थीसम्बन्धी महासन्धि र त्यसको सन्धिपत्र, यातना विरुद्धको महासन्धिको स्वैच्छिक आलेख, लगायतका बाँकी रहेका महासन्धिको अनुमोदन सम्बन्धमा ।<br><br>■ यातनाबाट बन्दीहरूको संरक्षण गर्न राष्ट्रिय सुरक्षा संयन्त्र निर्माण गर्ने ।<br><br>■ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्वन्धी अनुवन्धको स्वेच्छिक आलेखपत्र अनुमोदन ।<br><br>■ पार्लेमो सन्धिपत्रमा हस्ताक्षर गरी अनुमोदन गर्ने । | ■ अनुमअनुमोदन गर्नेबारे विचार गर्ने तर नेपालले निवारणात्मक संयन्त्र पहिल्यै अस्तित्वमा रहेको जानकारी दियो । यातना विरुद्धको महासन्धिको स्वैच्छिक आलेखको अनुमोदन नगरिए पनि ओएचसीएचआर नेपालले कारागार तथा हिरासतमा अनुगमन गर्ने गरेको उल्लेख गरेको ।<br><br>■ शरणार्थी तथा अन्य महासन्धिको सम्बन्धमा पनि अनुमोदन गर्नेबारे विचार गर्ने तर नेपालले निवारणात्मक संयन्त्र पहिल्यै अस्तित्वमा रहेको जानकारी गरायो । तर नेपालको सर्वोच्च अदालतले बलपूर्वक वेपता  पार्ने कार्य विरुद्धको महासन्धि र शरणार्थीसम्बन्धी महासन्धिको अनुमोदन गर्न आदेश दिइसकेको अवस्था छ ।<br><br>■ प्रस्तुत स्वेच्छिक आलेखलाई उपयुक्त समयमा सम्बोधन गर्न सकिने नेपालको भनाइ रहेको ।<br><br>■ प्रस्तुत स्वेच्छिक आलेखलाई उपयुक्त समयमा सम्बोधन गर्न सकिने नेपालको भनाइ रहेको । | ■ यी महासन्धिहरूको अनुमोदनको लागि आयोगले वकालत गर्ने तथा नेपाल सरकारलाई सिफारिस गर्दै आएको छ । पछिल्लो पटक आप्रवासी कामदारहरूसम्बन्धी महासन्धिको अनुमोदन गर्नका लागि आयोगले २०६९/८/७ गते नेपाल सरकारलाई सिफारिस गरेको थियो ।<br><br>■ यस आलेखलाई अनुमोदन गर्न आयोगले वकालत गर्दै आएको । |
| शरणार्थीको अधिकार | संयुक्त राज्य अमेरिका, नेदरल्याण्ड | ■ नेपालमा रहेका शरणार्थीहरूलाई दर्ता गर्ने व्यवस्था गर्नुका साथै शरण लिन खोज्ने तिब्वतीहरूलाई जवर्जस्ती चीन फर्काउने कार्य नगर्न ।<br><br>■ पूर्वी नेपालमा रहेका शरणार्थीहरूलाई तेस्रो मुलुकमा पुनर्वास बाहेकका अन्य टिकाउ समाधानको प्रबर्द्धन गर्ने । | ■ नेपाल सरकारले तिब्बती शरणार्थीहरूलाई जबर्जस्ती फिर्ता नपठाएको जानकारी गराएको छ । | ■ शरणार्थीका मानव अधिकारसँग सम्बन्धित विषयहरूमा आयोगबाट अनुगमन गरी आवश्यक सिफारिस नेपाल सरकार समक्ष पठाउने गरिँदै आएको । |

क्रमशः ...

क्रमशः ...

| विषय | सिफारिस गर्ने राष्ट्रहरू र प्रतिवद्धता | निष्कर्ष तथा सिफारिसहरू | कार्यान्वयनको अवस्था | आयोगबाट भएका पहलहरू |
|---|---|---|---|---|
| कानुन निर्माण तथा संशोधन | न्यूजिल्याण्ड, क्यानाडा | ■ सुरक्षाफौज वा सरकारी अधिकारीहरूलाई फौजदारी कार्यका लागि अभियोजनबाट उन्मुक्ति दिने सम्पूर्ण प्रावधानहरू हटाउन कानुनमा संशोधन गर्ने । | ■ नेपालमा विद्यमान कानुनहरूमा उन्मुक्ति प्रदान गर्ने कुनै प्रावधान नभएको कुरा जनाएको थियो ।<br><br>■ नेपाल सरकारले फौजदारी अभियोगमा आरोपित व्यक्तिहरूका बारेमा कुनै पनि आग्रह, पूर्वाग्रह वा दवावमा नआई कानुन अनुसार निष्पक्ष अनुसन्धान गर्न सुरक्षा निकायलाई निर्देशन दिएको र सोही बमोजिम कार्यसम्पादन भएको जानकारी गराएको छ। तर आयोगको अनुगमनबाट राजनीतिक दलहरूको दवावमा फौजदारी अभियोग लागेका व्यक्तिहरूलाई मुद्धा नचलाउने वा फिर्ता दिने कार्य भएको पाइएको छ । | ■ नेपालमा उन्मुक्ति दिने कानुन नभएपनि कानुनी शासनको अभावमा त्यस्ता दोषीहरूले उन्मुक्ति पाउने अवस्थाको सिर्जना भएकोले त्यस्तो कार्य नगर्न आयोगले पटकपटक सरकारलाई सिफारिस गर्ने, आदेश दिने वा निर्देशन दिने कार्य गर्दै आएको । |
| | स्लोभाकिया | ■ नयाँसविधान निर्माण प्रक्रियामा राज्यविहीनहरूका मुद्दालाई सम्वोधन गर्ने । | ■ यस विषयमा उपयुक्त समयमा सोच्न सकिने प्रतिक्रिया सरकारको रहेको छ । | |
| तराईमा भएका गैरन्यायिक हत्या | चेक रिपब्लिक | ■ तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धानसम्वन्धी उच्चायुक्तको कार्यालयको सन् २०१०को प्रतिवेदनमा भएका, अन्य कुराका अतिरिक्त देहायका सिफारिसहरूको कार्यान्वयन गर्नेः (क) हालको विशेष सुरक्षा योजनाको कार्यान्वयनको सन्दर्भमा एवम् विगतका सुरक्षा कारवाहीमा भएका र भावी कारवाहीमा हुने गैरन्यायिक हत्याको प्रयोगका सम्वन्धमा सवै आरोपहरूको पूर्णरूपमा अनुसन्धान गर्ने, (ख) राज्यपक्षद्वारा गरिएको भनिएका अपराधहरूबारे अनुसन्धान तथा अभियोजन गर्न स्वतन्त्र प्रहरी उजुरी आयोग वा विशेष अनुसन्धानात्मक इकाईजस्ता बाह्य निगरानी संयन्त्रहरूको स्थापना गर्ने, (ग) साक्षी एवम् पीडित र तिनका परिवारजनलाई सहायता तथा संरक्षण गर्न उपायहरू अवलम्वन गर्ने । | ■ तराईका जिल्लाहरूमा भइरहेको आपराधिक गतिविधि रोक्ने नाममा भएका केही गैरन्यायिक हत्याका घटनाहरूमा सरकारले निष्पक्ष छानविन गर्नुको सट्टा दोहोरो भीडन्तको नाम दिएर ढाकछोप गर्ने कार्य गरिरहेको पाइएको छ। यस सम्बन्धमा आयोगबाट छानविन भई गरिएका सिफारिसहरूको समेत कार्यान्वयन भएको छैन ।<br><br>■ नेपाल सरकारले तराईका जिल्लाहरूमा पछिल्लो समयमा राजनीतिक अभियान वा मुद्धाका नाममा हुने गरेका आपराधिक प्रकृतिका घटना नियन्त्रण गरी दोषीलाई कानुनी दायरामा ल्याउन सुरक्षा योजनासहित सुरक्षाकर्मी परिचालन गराएको जानकारी गराएको छ ।<br><br>■ साक्षी तथा पीडितको संरक्षणसम्बन्धी कानुन तथा नीतिको अभाव रहेको पाइएको छ । | ■ आयोगको अनुसन्धानबाट समेत तराईमा भएका घटनामध्येमा केही गैरन्यायिक हत्या भएको पाएकोले त्यस्ता घटनाहरूको अनुसन्धान गरी सरकारलाई सिफारिस गर्दै आएको तथा त्यस्ता घटनाहरू नदोहाऱ्याउन आग्रह गरिएको । |

# निष्कर्ष तथा सुझावहरू

**निष्कर्ष**

नेपाललाई विभिन्न राष्ट्रहरूले दिएका सुझावहरू मानव अधिकारमैत्री संविधान निर्माण, शान्ति प्रक्रियाको अर्थपूर्ण निष्कर्ष, दण्डहीनताको अन्त्य, सङ्क्रमणकालीन न्याय, संस्थागत सुधार, कानुनको शासन, बाल अधिकार, महिला अधिकार तेस्रो लिङ्गी व्यक्तिहरूको अधिकारको सम्मान, समानता र अविभेदको अधिकारको सुनिश्चितता, बाँच्न पाउने अधिकार, यातना विरुद्धको अधिकार तथा स्वतन्त्रताको अधिकारको सुनिश्चितासम्बन्धी विषयहरूमा केन्द्रित रहेको पाइन्छ । यसैगरी आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको विविध विषयमा समेत व्यापक छलफल भईसुझावहरू प्राप्त भएका थिए, जसमा शिक्षाको अधिकार, स्वास्थ्यको अधिकार, खाद्य अधिकार, श्रमिकको अधिकार, गरिबी निवारण लगायतका विषहरू समावेश छन् ।

यस्ता विविध विषयहरूमा प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने सम्बन्धमा नेपाल सरकारले कार्ययोजना निर्माण गरी लागू गरेको कुरालाई सकारात्मक रूपमा लिन सकिन्छ । सुझावहरूमा उल्लेख भएका कतिपय विषयहरूमा नयाँ कानुन र नीतिहरू पनि बनेका पाइन्छ । तर संविधानसभाले नयाँ संविधान जारी गर्न नसकी यसको अवसान भएपछि देशमा बढेको राजनीतिक अस्थिरताका कारण सुझावहरूको कार्यान्वयनको अवस्था अत्यन्त फितलो भएको पाइन्छ ।

पछिल्ला राजनीतिक घटनाक्रमहरूले देशमा मानव अधिकार सँस्कृतिको विकासमा थप चुनौतीहरू सृजना गरेको छ । व्यवस्थापिका नभएको अवस्थामा प्रमुख राजनीतिक दलहरूको सहमतिमा बनेको सरकारको नेतृत्व न्यायपालिकाको प्रमुखबाट भइरहँदा लोकतन्त्रको मेरुदण्डको रूपमा रहेको शक्ति पृथकीकरणको सिद्धान्तमा मात्र होइन न्यायपालिकाको स्वतन्त्रताको विषयमा समेत प्रश्नहरू उठेको अवस्था छ । संविधानसभाको निर्वाचन गर्ने कुरामा राजनीतिक दलहरूबीच सहमति भएपनि त्यसको समेत सुनिश्चिता हुन सकेको छैन । यसले गर्दा देशमा थप राजनीतिक अस्थिरता उत्पन्न भई मानव अधिकार संरक्षण कार्यमा अझ चुनौतीहरू बढ्ने अवस्था छ । विगत लामो समयदेखि विद्यमान दण्डहीनताको अवस्थामा कुनै सुधार आउन सकेको छैन । कानुनको शासन अत्यन्त फितलो भएको महसुस भएको छ । राज्यका निकायहरूमा जवाफदेहिताको परिपाटी विकास हुन सकिरहेको छैन । सशस्त्र द्वन्द्वको क्रममा पीडित भएका व्यक्तिहरूले अझैसम्म पनि न्याय पाउन सकेका छैन । सङ्क्रमणकालीन न्यायका संयन्त्र बनाउने कुरा प्रतिवद्धतामा मात्रै सीमित भएको छ । गम्भीर प्रकृतिका मानव अधिकार हनन्मा संलग्न व्यक्तिहरूलाई पनि उन्मुक्ति दिनसक्ने अभिप्रायका साथ आएको सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको निर्माण गर्ने कानुन मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम नभएको भनी त्यसमा सुधार गर्न राष्ट्रिय मानव अधिकार आयोगले सुझावहरू दिएको तथा पीडितहरू तथा नागरिक समाजबाट समेत त्यसप्रकारको कानुनको विरोध भएको र सर्वोच्च अदालतबाट समेत त्यसको कार्यान्वयन नगर्न अन्तरिम आदेश भएपछि उक्त कानुन कार्यान्वयन गर्ने प्रक्रिया अवरुद्ध भएको छ । नयाँ कानुन निर्माण गरी सङ्क्रमणकालीन न्यायको प्रक्रिया अघि बढाउने कुरा पूर्ण रूपमा ओझेलमा परेको छ ।

समाजमा व्याप्त असमानता, भेदभाव र गरिबीको राज्यले उचित सम्बोधन गर्न सकिरहेको छैन । यी विषयहरूमा सरकारले बनाएका नीति तथा कार्यक्रमहरू लक्षित वर्गसम्म पुग्न सकिरहेको छैन । महिलामाथि हुने हिंसामा बढोत्तरी भएको छ भने मानव ओसार-पसार तथा बेचबिखन नयाँ स्वरूपमा बढ्दै गएको छ । बालअधिकारको अवस्था अत्यन्त चुनौतीपूर्ण रहेको छ । सरकारले बालबालिकाको शिक्षाको विषयमा केही पहलहरू गरे पनि ठूलो संख्यामा बालबालिकाहरू विद्यालय बाहिर रहनु र बालश्रम कमी गर्ने कुरामा प्रभावकारी कार्यक्रम सञ्चालन गर्न नसक्दा बाल अधिकारको अवस्थामा सन्तोषजनक सुधारहरू हुन सकिरहेको छैन ।

सन् २०१५ मा नेपालको मानव अधिकार अवस्थाको बारेमा दोस्रो पटक हुने आवधिक समीक्षाको समय नजिकै आइरहँदा पहिलो आवधिक समीक्षाबाट प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्ने कुरामा नेपाल सरकार थप गम्भीर हुन आवश्यक देखिन्छ । यसका लागि मानव अधिकारका राष्ट्रिय संस्थाहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय निकायहरूको सहयोग लिई सुझावहरूको कार्यान्वयनलाई तीब्रता दिनु आवश्यक देखिन्छ ।

**सुझावहरू**

माथि उल्लेख गरिएका तथ्यहरूको विश्लेषणका आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ :

- सुझावहरूको कार्यान्वयनको गति यथावत रहने हो भने दोस्रो आवधिक समीक्षासम्म पुग्दा लक्ष्य हासिल हुन नसक्ने देखिएकाले कार्यान्वयन प्रक्रियालाई गति प्रदान गर्न आवश्यक देखिन्छ। नेपाललाई प्राप्त सुझाव एवम् सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न आवश्यक संयन्त्र निर्माण गर्न आवश्यक देखिन्छ।

- सिफारिस कार्यान्वयनमा मुलुकमा विद्यमान राजनीतिक अस्थिरता, दण्डहीनताको अवस्था एवम् भ्रष्ट्राचार प्रमुख चुनौतीको रूपमा रहेको पाइएको हुँदा त्यसको समाधानका लागि उपयुक्त कदमहरू चाल्नु आवश्कय देखिन्छ।

- तोकिएको अवधिमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने, विगतको संविधानसभाले हासिल गरेका उपलब्धिहरूलाई संस्थागत गर्ने एवम् नयाँ संविधानसभाबाट मानव अधिकारमैत्री संविधान निर्माण गर्दै देशमा व्याप्त राजनीतिक अस्थिरताको अन्त्य गर्न आवश्यक देखिन्छ।

- सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको यथाशीघ्र निर्माण गरी सशस्त्र द्वन्द्वबाट पीडित व्यक्तिहरूलाई न्याय प्रदान गर्ने।

- अभियोजन, अनुसन्धान एवम् न्यायिक प्रक्रियालाई स्वतन्त्र र प्रभावकारी बनाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने र दण्डहीनता अन्त्य गर्ने।

- मानव बेचविखन खासगरी महिला तथा बालबालिकाको ओसारपसार तथा बेचबिखन र महिला विरुद्ध हुने हिंसा एवम् शोषण तथा लैङ्गिक तथा जातीय विभेदका अन्त्यका लागि प्रभावकारी कानुनी तथा अन्य उपायहरू अवलम्बन गर्ने।

- नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूमा उल्लेखित प्रावधानहरूको व्यवहारमा  कार्यान्वयन गर्ने तथा सम्बन्धित निकायहरूमा समयमै प्रतिवेदनहरू उपलब्ध गराउने।

- आर्थिक तथा सामाजिक अधिकारहरूको संरक्षण गर्दै मानव अधिकारमुखी विकास पद्धतिमार्फत् गरिबी निवारण गर्दै नागरिकहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्ने।
- सहभागितामूलक प्रक्रियाबाट चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाको निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने।

- राजनीतिक इच्छाशक्तिको अभावमा मुलुकमा विद्यमान दण्डहीनता र मानव अधिकार संरक्षणका चुनौतीहरूलाई सम्बोधन गर्न संभव नहुने हुँदा राजनीतिक दलहरूएवम् नेपाल सरकारले मानव अधिकारप्रति उच्चसंवेदनशीलता प्रदर्शन गर्न आवश्यक हुन्छ। व्यक्त गरिएका प्रतिवद्धताहरूलाई व्यवहारका कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।

- सुझावहरूको कार्यान्वयनका लागि सरकारी निकाय, गैरसरकारी निकाय, मानव अधिकार संस्थाहरू र अन्तर्राष्ट्रिय समूदायसँग सहकार्य गर्न आवश्यक देखिन्छ।

# राष्ट्रिय मानव अधिकार आयोग

**केन्द्रीय कार्यालय**
हरिहरभवन, ललितपुर, नेपाल
पो.ब.नं. ९१८२, काठमाण्डौ
फोन नं. ०१-५०१००१५, १६, १७ १८
फ्याक्स : ०१-५५४७९७३
हटलाईन : ०१-५०१००००
इमेलः nhrc@nhrcnepal.org
वेवसाइट : www.nhrcnepal.org

## क्षेत्रीय कार्यालयहरु

**विराटनगर, वरगाक्षी चोक**
फोन नं. ०२१-४६१९३१, ४६१०९३
फ्याक्स नं. : ०२१-४६११००

**जनकपुर**
फोन नं. ०४१-५२७८११,
५२७८१२
फ्याक्स नं. : ०४१-५२७२५०

**पोखरा, जनप्रियमार्ग**
फोन नं. ०६१-४६२८११, ४६३८२२
फ्याक्स नं. : ०६१-४६५०४२

**नेपालगञ्ज, शान्तिनगर**
फोन नं. ०८१-५२६७०७,
५२६७०८
फ्याक्स नं. : ०८१-५२६७०६

**धनगढी, उत्तर वेहडी**
फोन नं. ०९१-५२६२१, ५२५६२२
फ्याक्स नं. : ०९१-५२५६२३

## उपक्षेत्रीय कार्यालयहरु

**खोटाङ्ग, दिक्तेल**
फोन नं. ०३६-४२०२८४

**रुपन्देही, वटवल**
फोन नं. ०७१-५६९११

**जुम्ला, खलङ्गा**
फोन नं. ०८७-५२०२२२